साप्ताहिक
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepalltoday.com.np
# गोरखा एक्सप्रेस
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका

वर्ष ४३ अंक ७ २०८१ भदौ १८ गते मंगलबार (Sep. 3, 2024) मूल्य रू. १०/-



## बीआरआई कि ट्रान्स हिमालयन ?

१६ भदौ गते संसदीय सुनवाईमा पुगेका चीनका लागि प्रस्तावित राजदूत प्रा. डा. कृष्णप्रसद ओलीले सरकारले बीआरआई भने त्यही अनुसार, नभए ट्रान्सहिमालयन कनेक्टिभिटी स्थापित गरेर अघि बढ्ने बताए । राष्ट्रिय स्वार्थलाई सर्वोपरि राखी अन्तर्राष्ट्रिय सम्बन्ध विकास गर्न द्विपक्षीय सहयोग र सहयोग अगाढि बढाउने पनि उनको योजना छ ।

ओलीको भनाई पछि नेपालले बीआरआई कार्यान्वयन अलि पछि धकेलेको हो कि भन्ने आशंका चीन पक्षीहरूले गर्न थालेका छन् ।

## एमसीसी कार्यान्वयनको वर्षदिन




एमसीसी कार्यान्वयनमा गएको वर्षदिन भयो । यसको अमेरिकाले समेत खुशी व्यक्त गरेको छ । यो खुशी नेपाल-एमसिएबीच १८ किलोमिटर सीमापार प्रसारण लाइनका लागि सम्झौता हुनु पनि हो । सम्झौताअनुसार २१ महिनाभित्र बर्दघाट-बुटवाल सबस्टेशनबाट नेपाल-भारत सीमासम्म प्रसारण लाइन निर्माण सम्पन्न हुनेछ । नेपालको विद्युत बिक्री गर्न यो महत्वपूर्ण ढोका हुनेछ ।

एमसिए-नेपाल कार्यकारी निर्देशक खड्गाबहादुर बिष्ट (दायाँ) र ट्रान्सरेल लाइटिङ लिमिटेडका प्रतिनिधि अमोल वानखेडे वीच सम्झौता भएर पत्र आदानप्रदान गरिएको तस्वीर हो यो । एमसीए नेपालले यो सम्झौतालाई नयाँ माइलस्टोन भनेको छ । एमसीए नेपालको विज्ञप्तिमा भनिएको छ- यो सम्झौता नेपाल र भारतबीच क्षेत्रीय ऊर्जा व्यापार बढाउन सबै पक्षहरूको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ ।

१२.३६ मलियन डलर मूल्यको ४०० केभी प्रशारण लाइनको ठेक्का सम्झौता हो यो । यो सम्झौता हुँदा एमसिए-नेपालका खड्गबहादुर बिष्ट र ट्रान्सरेल लाइटिङ लिमिटेडका अमोल वानखेडे, अर्थ मन्त्रालय, विद्युत प्राधिकरण, एमसिसि पदाधिकारी सबैको उपस्थिति रहेको थियो । एमसिए नेपाल बोर्ड अध्यक्ष तथा अर्थका सचिव रामप्रसाद घिमिरेले यो तीन सबस्टेशन सम्झौता र 18 किलोमिटर प्रसारण लाइन परियोजनाले नेपालको घरेलु ऊर्जा लक्ष्य हासिल गर्न र क्षेत्रीय ऊर्जा बजारमा नेपालको स्थिति सुदृढ पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताएका छन् ।


विद्युत प्राधिकरणका प्रमुख कुलमान घिसिङका अनुसार यो परियोजना एक महत्वपूर्ण लिंक हो जसले नेपालको ऊर्जा पूर्वाधार बढाउन मद्दत गर्नेछ । अब २९७ किलोमिटर प्रसारण लाइनको ठेक्का लगाउनु छ, यसको प्रकृया सुरू भएको छ ।

# १२ वर्षदेखि फैसला किन रोकियो

०४६ सालदेखि ३४ वर्षमा अदालतलाई अति राजनीतिकरण गरिए पनि अदालतले न्याय दिन्छ भन्ने विश्वास जनतामा छ । संक्रमणकालीन न्याय स्थापित गर्न टीआरसी बिधेयक पारित भइसक्यो, कानुन बनिसक्यो । अब जनयुद्धकालीन न्याय सम्पादन हुन्छ, पीडितले न्याय र पीडकले दण्ड पाउँछन् भन्ने झिनो आशा सञ्चार भएको छ । तर पीडित र मानवाधिकारवादीहरू सजाय घटाउन सकिएला, माफी दिन सकिन्न भनेर खबरदारी गरिरहेकै छन् ।

संसद र सरकार, लोकतन्त्र समेत संक्रमणकालीन न्याय कसरी स्थापित होला, दिगो शान्तिको जग बस्ला भन्ने विषयमा प्रश्नचिन्हमा छन् ।

त्यसै पनि एकजना नेता जनताको नजरमा विश्वासिलो देखिदैनन् । हरेक नेता कुनै न कुनै कुनियत, भ्रष्टाचार, अनियमितता, असामाजिक कृयाकलापमा दागी रहेका छन् । यस्तो नेतृत्वले संक्रमणकालीन न्याय सम्पादन गर्न सक्ला त ? पीडितले न्याय पाएको अनुभूति गर्न पाउलान् ? त्यसै पनि नेपाल भ्रष्टाचार र दण्डहीन मुलुक भनेर बदनाम भइसकेको छ । यो कलङ्क, बदनामी नहटेसम्म लोकतन्त्र छ भनेर मान्न सकिने अवस्था रहदैन । समयले लोकतान्त्रिक पद्धतिका सामु उठाएको यक्ष प्रश्न हो यो ।



यही सन्दर्भमा चर्चामा छन्- अग्निप्रसाद सापकोटा । उनीमाथि ज्यानमुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ, १२ वर्षदेखि फैसला अड्किएको छ । सबैलाई थाहा छ, राजनीतिक दबाब र प्रभावकारण यो मुद्दाको फैसला हुन नसकेको हो । मुद्दा भए पनि अग्निप्रसाद सापकोटा सांसद बने, संसदको सभामुख समेत बनाइए । अहिले माओवादी पार्टी उपाध्यक्ष छन् ।

सर्वोच्च अदालतले फैसलाको मिति किन पर सार्दै गएको हो, फैसला दिन किन सकस परेको होला ? यसरी त अदालतकै सम्मान, विश्वासमा आँच आउँछ भनेर सोच्नुपर्ने होइन र ?

अग्नि सापकोटा माथि २०६९ मंसिरमा अर्जुन लामाकी श्रीमती पूर्णिमाया लामाले आफ्नो पतिको हत्यामा माओवादी नेताहरू अग्नि सापकोटा, सूर्यमान दोङ, यादव पौडेल, भोला अर्याल, कर्णाखर गौतम, नोर्बु मोक्तानविरूद्ध मुद्दा हालेकी थिइन् । प्रधान न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, प्रकाशमान सिंह राउत, सपना प्रधान मल्ल, प्रकाश कुमार ढुंगाना र कुमार रेग्मी रहेको संवैधानिक इजलासमा उक्त रिटमाथि सुनुवाई भइसकेको छ । फैसला आउन सकेन ।

आलोचकहरू भन्छन्- यो मुद्दाको फैसला प्रधानन्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठको अवकाशपछि मात्र हुनसक्छ । यसरी सम्मानित अदालतको मान सम्मान र जनविश्वास कायम गर्ने जिम्मेवारी अदालतका न्यायाधीशहरूको पनि हो । यसतिर न्यायाधीशहरू किन उदासिन ?

सर्वोच्चमात्र होइन, कुनै पनि अदालतमा न्याय सम्पादनका काम छिटो छरितो हुने गरेको छैन । सेवाग्राही न्याय माग्दा माग्दै कतिपय मर्छन्, कतिपय अदालतको चक्कर लगाइरहेका देखिन्छन्, भेटिन्छन् । अदालतमा मुद्दाको चाङ् घट्नुको साटो बढ्दै गएका छन् । यो अवस्थाको समाधान न्यायाधीश नियुक्ती, स्वच्छ न्याय दिने तौरतरिका, अतिराजनीतिकरणको अन्त्य, विदेशी प्रभावको शून्यतालगायतका विषयमा छलफल हुनु जरूरी छ । लोकतन्त्रलाई विधिको शासन भनेर चिनाउने अवसर नगुमाऔं ।

## प्रचण्ड अध्यक्ष, जनार्दन मन्त्री




पार्टी एकढिक्का छ, फुट्दैन, पार्टी अध्यक्ष पद टिका लगाएर दिने होइन, प्रचण्डको पछिल्लो प्रतिकृया यही हो । तर म माओवादी कहिले बन्ने ? भन्ने प्रश्न गर्ने जनार्दन शर्मा प्रचण्डका लागि चुनौती बनेको पक्कै हो ।

जनार्दन शर्मा प्रचण्डका लागि खतरा बनेका छन् । आफूले खतरा अनुभव गर्नासाथ शान्ति प्रक्रिया अघि-पछि माओवादीमा मोहन वैद्य (किरण), डा. बाबुराम भट्टराई, रामबहादुर थापा (बादल) जस्ता जो-जोबाट अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले चुनौती महसुस गर्थे, ती कोही अहिले माओवादी केन्द्रमा छैनन् । कि त जनार्दनलाई किनारा लगाउनु पर्‍यो, कि पदमा भुलाउनु । भनिन्छ, प्रचण्ड यही सरकारमा जनार्दनलाई मन्त्री बनाएर अध्यक्षमा सुरक्षित हुन पनि सक्छन् भन्ने एउटा तर्क सार्वजनिक भएको छ । प्रचण्डको डाइनामिजम अब देखिने वाला छ । उनको अकण्टक अध्यक्षताको अवस्था पनि देखिनेछ ।

दोस्रो पुस्ताको प्रतिनिधित्व गर्ने उपमहासचिव जनार्दन शर्मा (प्रभाकर) को चुनौती कसरी साम्य होला, प्रचण्डको आगामी निर्णय प्रतिक्षा भइरहेको छ ।

## एलन मस्कको फ्रि-फास्ट स्याटेलाइट इन्टरनेटको प्रस्ताव




नेपाललाई एलन मस्कको कम्पनीले अन्तरिक्षबाट सिधै फास्ट र फ्रि इन्टरनेट सेवा दिने प्रस्ताव आएको छ ।

केही कानुनी अल्झो भएकाले नेपाल सरकारले एलन मस्कको स्टारलिङ्क इन्टरनेट सेवाका लागि बाटो खोल्ने तयारी गरेको छ । हालैको घोषणामा राष्ट्रपति रामचन्द्र पौडलले दुर्गम र चुनौतिपूर्ण इलाकाहरूमा स्याटेलाइट प्रविधिमा आधारित इन्टरनेट सेवा सुरू गर्ने योजनाको खुलासा गरेका छन् । एलन मस्कलाई भित्र्याउने यो संकेत हो ।

नीति कार्यक्रममा आगामी आर्थिक वर्षमा आफ्नै उपग्रह प्रणाली स्थापना गर्ने र सूचना प्रविधिको पूर्वाधार अभिवृद्धि गर्ने उपायहरू समावेश छन् । थप रूपमा, डाटा सेन्टरहरू, राष्ट्रिय ज्ञान पार्कहरू, र साइबर सुरक्षा प्रोटोकलहरूका लागि मापदण्डहरू एजेन्डामा रहेका छन् । सार्वजनिक एजेन्सीहरूले बलियो र सुरक्षित सूचना प्रणाली सुनिश्चित गर्दै हार्डवेयर, सफ्टवेयर र सञ्जाल सुरक्षाको प्राविधिक परीक्षण गर्नेछन् । यसबाहेक, ब्रोडब्यान्ड इन्टरनेट विस्तार गर्ने प्रयासहरू हाइलाइट गरिएको छ, जसले राष्ट्रव्यापी इन्टरनेट पहुँचलाई गति दिने लक्ष्य राखेको छ । शतप्रतिशत लगानीमा स्याटेलाइट इन्टरनेटका लागि इलन मस्कले प्रस्ताव गरेका छन् । उनले दिने इन्टरनेट फास्ट र फ्रि हुने प्रस्तावमा उल्लेख छ ।

Elon Musk विश्वमै प्रभावकारी व्यक्ति मानिन्छन् । इलन मस्क co-founded six companies, including electric car maker Tesla, rocket producer SpaceX and tunneling startup Boring Company. Elon Reeve Musk FRS is a businessman and investor known for his key roles in the space company SpaceX. उनी ५३ वर्षका साउथ अफ्रिकामा जन्मेका हुन् ।


दूरसञ्चार नियामक संस्थामा प्रस्ताव गएको छ । नेपाललाई भरपर्दो इन्टरनेट सेवा दिन्छु भनेर नेपाल पसेको स्टारलिङ्को प्रस्ताव छिटै मन्त्रिपरिषदमा जाने र सरकारले निर्णय गर्ने सम्भाबना छ ।

पूर्व पम प्रचण्डले भित्र्याउन लागेको यो कम्पनीलाई ओली सरकारले भित्र्याउन लागेको हो । वरिष्ठ अधिकारी यो प्रस्ताव क्याविनेटबाट पास हुने बताउँछन् ।

स्टार लिङ्क साँडे २ अर्व डलर सम्पत्ति भएको विश्वकै धनी व्यक्ति मस्कको कम्पनी हो । यो कम्पनी भित्र्याउन अमेरिकी दूतावासका बरिष्ठ अधिकारीले समन्वय गरिरहेका छन् । प्रत्यक्ष स्याटेलाइट जडानमार्फत भरपर्दो, किफायती र उच्च-प्रविधि इन्टरनेट सेवा प्रदान गर्न सक्ने नेपालमा स्टारलिङ्को सञ्चालनमा बाधा पुर्याउने रेड टेपमाथि दूतावासले बारम्बार चिन्ता व्यक्त गर्दै आएको छ । ८० प्रतिशत लगानी गर्नपाइने भए पनि यो कम्पनीले शतप्रतिशत लगानी गर्न चाहेको छ । नेपाल टेलिकमका अधिकारी भन्छन्- उनीहरू नेपाल आउन इच्छुक थिए र हामी नेपालमा स्याटेलाइटमा आधारित इन्टरनेट सेवा प्रदान गर्ने प्रस्तावलाई स्वीकार गर्दैछौं । नियमितताका लागि हाइब्रिड होइन, स्याटेलाइट नै आवश्यक छ । यो कम्पनीले महाद्वीपका चार दर्जन देशहरूमा इन्टरनेट सेवा दिएको छ ।

स्टारलिङ्को उन्नत प्रविधिलाई नेपाल भित्र्याउन सके नयाँ फड्को हुने राज्यका अधिकारी भन्न थालिसकेका छन् ।

## भारतले लिपुलेक पचाउने भयो




डा. निहार नायक नेपाल-इन्डिया सम्बन्धका जानकार मानिन्छन् ।

परराष्ट्रमन्त्री डा.आरजु राणको दिल्ली भ्रमणका सन्दर्भमा उनको सटिक टिप्पणी सार्वजनिक भएको छ । उनका अनुसार भारतले नेपाल-भारत सीमा विवादका सन्दर्भमा विदेशमन्त्री जय शंकरकै भाषा दोहोर्‍याएर आफ्नो अडान कायमै राखेको छ । भारतले कालापानी, लिपुलेक, लिम्पियाधुरालाई भारतीय भूगोल भनेको छ । यसरी भारतले आफ्नो अडान कायम राख्दा परराष्ट्रमन्त्री डा.आरजु देउवाले प्रतिवादसमेत गर्न नसकेको उनको भनाइ छ ।

डा. नायकले गरेको सङ्केत अनुसार दुबै देशवीचका सीमाका सम्बन्धमा के कुरा भएको थियो, के कुरा भयो, परराष्ट्र मन्त्रीले यसबारे मुख खोलेकी छैनन् ।

डा.आरजु राणा परराष्ट्रमन्त्री मात्र होइनन्, उनी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाकी धर्मपत्नी र स्याडो सभापतिसमेत मानिन्छिन् । र, प्रचण्ड सरकार फालेर कांग्रेस-एमाले सरकार निर्माण गर्ने निर्णायक पनि उनी नै हुन् ।

प्रम ओलीले महिला प्रधानमन्त्रीका विषयमा सोच्दैछु भन्दा ओलीलाई धन्यवाद दिने र आफ्ना लागि होइन, एमाले पार्टीभित्रकै महिला सोचेको होला भनेर जवाफ दिने मन्त्री राणाको पहिलो गाँसमै ढुंगा परेको छ । उनले आफ्नो देशको अस्तित्व, भूभाग, आफ्नो जन्मभूमिका बारेमा मौनता साधेर भारतलाई सघाएकी छिन् ।

मोदी हवाई रूट दिन तयार भए, कालापानी असैनिक क्षेत्र बन्ने भयो, सुस्ताको जमिन फिर्ता गर्न मोदी सहमत भए, लिपुलेक नेपालकै हो भनिन् भन्ने हल्ला चलाइयो । यथार्थमा परराष्ट्रमन्त्री भिजेको परालखुट्टे भएर फर्केकी हुन् । सत्य के हो, परराष्ट्रमन्त्री डा.आरजु देउवाले बोल्नुपर्छ, कांग्रेसले स्पष्ट पार्नुपर्छ ।

## राष्ट्रपति को ?



नोभेम्बर ५ मा हुने अमेरिकी राष्ट्रपति चुनाव कसले जित्ला ? यतिबेला विश्व चासो यही विषय हो । ७८ वर्षका डोनाल्ड ट्रम्प र ५९ वर्षकी कमला ह्यारिसवीच अमेरिकी राष्ट्रपतिको चुनावमा काँटोका टक्करजस्तै प्रतिस्पर्धा हुनगइरहेको छ ।

विश्वशक्ति अमेरिकाको यो चुनावमा रूस, चीनजस्ताको प्रभाव पर्ने नै छ, भारतका धेरै मतदाताको पनि प्रभाव देखिने छ । अमेरिका अन्य कारणले भन्दा पनि नीतिका कारणले चुनावको जितहार हुने मुलुक भएकाले कसले जिते कस्तो नीति लागू होला ? यो उत्सुकता बढेको छ ।

## अमेरिकाको अनुदान सैनिक सहयोग बढ्न थाल्यो



ऋण होइन अनुदान नेपालको आवश्यकता हो । नेपालको पूर्वाधार विकास, भवितव्यमा राहत, प्रतिआतंकवादसँग लड्ने क्षमता बृद्धि, लोकतन्त्रमा विधि र सुशासन दिनका लागि समेत अनुदान चाहिएको छ ।

नेपालको उत्पादन शून्यजस्तै, निकास कम भएकाले ऋणभार २४ खर्ब नाघिसकेको छ । राजस्वको अधिकांश भाग दैनिक प्रशासनिक खर्च, ब्याज तिर्दैमा सकिने भएकाले विकास निर्माण साह्रै कछुवा गतिमा रहेको छ । यसकारण पनि नेपाललाई अनुदान सहयोगको खाँचो छ । पोखरा एयरपोर्ट ऋण तिर्न नसकेर नेपालले चीनसँग त्यो ऋणभार अनुदानमा बदल्न गरिदिन आग्रह गरेको छ ।

यसैवीच भदौ ३ गते अमेरिकाले नेपाली सेनालाई १० करोड डलर बराबरको दुई वटा जहाज (स्काई ट्रक ) र दुई वटा हेलिकोप्टर मेलिट्री फाइनान्स अनुदान दिनेभएको छ । यसको घोषणा २ हप्ताअघि नेपाल भ्रमणमा आएका अमेरिकी व्यवस्थापन तथा श्रोतसम्बन्धी उपविदेशमन्त्री रिचाडै वर्माले गरेका हुन्, यो सहयोग विपद् र प्रतिकार्यका लागि अनुदान सहयोग भएको उनले बताएका हुन् । उनले प्रधानमन्त्री केपी शर्मा ओली र परराष्ट्रमन्त्री आरजु राणा देउवासँगको भेटमा अमेरिकी उपमन्त्री वर्माले नेपाली सेनाको हवाई क्षमता सुदृढ गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

नेपाली सेनाका प्रवक्ता सहायकरथी गौरव केसीले अमेरिकाले दुई वटा जहाज र दुई वटा वेल हेलिकोप्टर दिन लागेको जानकारी दिएका छन् । स्काई ट्रक पोलेण्ड र हेलिकोप्टर अमेरिकी ब्राण्डका हुनेछन् । जहाजले २३ सय किलो सामान र २१ यात्रु बोक्न सक्नेछ । हेलिकोप्टरले उद्दार पनि गर्नेछ ।

स्मरणीय छ, अमेरिकाले नेपाली सेनालाई विपद् व्यवस्थापन, प्रतिआतंक तालिम र प्रविधिमा सहयोग गर्दै आएको छ ।

# ब्राजिलमा १७६ जना अलपत्र

अवैध मार्गबाट ब्राजिल पुग्ने, शरणार्थी बन्ने अनि मेक्सिको हुँदै अमेरिका छिर्ने दाउ गरेर हिडेका १७६ जना नेपाली ब्राजिल एयरपोर्टको ट्रान्जिटमा अलपत्र परेका छन् । राजदूत भन्छन्- सहयोग मागेका छैनन्, मध्यस्थता गर्न तैयार छौं । अर्थात् दूतावास सकृय बनेको छैन । दूतावास भन्छ- तिनीहरू सकुसल छन् ।



ब्राजिल सरकारले खान दिएको छ, भिसा नभएकाले फर्काउने र आइन्दा बिना भिसा कसैलाई पनि ब्राजिल आउन नदिने बयान दिएको छ ।

समाचार अनुसार ८० लाखसम्म बुझाएर अवैध मार्गबाट अमेरिका हिडेकाहरू हुन् सबै । मानव तस्करको प्रलोभनमा उनीहरू असरल्ल हुनुपुगेका हुन् ।

तिनीहरूलाई कुन कुन मानव तस्कर संलग्न छन्, त्यसको छानबिन गर्न सरकार तैयार छैन, कारण तिनीहरू शक्तिशाली छन् । नेपाली युवाहरूले स्वदेशमै केही गरिखान नपाएपछि ज्यान धरापमा पारेर अवैध मार्गबाट यसरी हजारौं जान्छन्, कतिपय बीच बाटैमा मर्छन् ।

हालै 'यसैबीच ब्राजिल सरकारले तत्काल लागू हुनेगरी नेपाललगायत केही देशका राहदानीबाहकलाई प्रवेशाज्ञा लिएको भएमा मात्र ब्राजिल प्रवेशको अनुमति दिने नियम ल्याएको र अब उप्रान्त नेपाली आगन्तुकले ब्राजिल भएर सिधै गन्तव्य मुलुकतर्फ उड्न पाउने र त्यसरी नगएमा सोही विमानमार्फत फिर्ता पठाइने तर विमानस्थलमा शरणार्थीको मान्यता नदिइने जनाइएको छ ।'

# युद्धभूमि इजरायलमा केयरगिभर

इजरायलमा केयर गिभर पठाउने तैयारी भइरहेको छ । इजरायली दूतावासले नेपालीलाई केयर गिभरमा पठाउने अन्तिम नामावलीको छानबिन गरिरहेको छ । नेपालले इजरायलका दीर्घकालीन स्याहार केन्द्रहरूमा सहायक कामदारको रूपमा काम गर्नेगरी दुई हजार जनाको माग गरेको र छनौट भइरहेको छ । साउन २१ गते १८६३ जना पुरूष र एक हजार ५९८ जना महिलाको सूची फाइनल हुँदैछ ।

नेमचेकको नतिजा आएपछि सफल उम्मेदवारहरूलाई इजरायल सरकारको लट्री प्रोग्राममा समावेश गरेर अन्तिम सूची निकाल्ने र पठाउने प्रकृया सुरू हुनेछ । व्यवसायिक तथा सीप विकास तालिम केन्द्र (सीटीईभीटी) बाट मान्यता नपाएको संस्थाबाट काम सिकेकाहरू जान पाउने छैनन् । नर्सिङ, सीएमए र अनमिको कोर्स पूरा नगरेकाहरूलाई ३ महिनाको केयर गिभर तालिम अनिवार्य छ । बानेश्वरमा रहेको सीटी एण्ड एज्ड केयर ट्रेनिङ सेन्टरलगायतका कतिपय सेन्टरले तालिम नलिए पनि प्रमाणपत्र बेच्ने, पठाइदिन्छु भनेर दलाली गर्ने गरेको पनि खुलेको छ । केयर गिभरमा पठाउने सम्बन्धमा विभाग, मन्त्रालय, दलालहरूवीच तनावको स्थिति सिर्जना भइरहेको थाहा भएको छ ।

# राउटे जाति लोपोन्मुख हुँदै

राउटे जाति लोप हुनथालेका छन् । राउटेको संख्या २ सय बढी थियो, अहिले १३५ मा झरेको छ । राउट जातिलाई कसरी बचाउने, लोप हुन नदिने भन्ने राज्यको कुनै नीति नै छैन । हुन त एउटा राउटे परियोजना छ, राउटे बस्ती चेतना जगाउने कार्य गर्छ । सुर्खेत, दैलेखका खोला-जंगल किनारमा बस्ने राउट जातिको जगेर्ना गर्न जरूरी छ । संसदमा यसबारे कुनै सांसदले प्रश्न उठाउँदैनन् ।

अधिकांश राउटे खानपान, बसोबास, उचित स्वास्थ्योपचार नपाएर रोगी हुनेगरेका छन् । राउटे दक्षिण एसियामै लोपोन्मुख समुदाय हुनपुगेको छ । जन्मदर घट्नु र मृत्युदर बढ्नुको कारणले राउटेको संख्या घटेको हो ।

# रूग्ण उद्योग सञ्चालनमा आउँदै

सरकारले रूग्ण उद्योग सञ्चालन गर्ने तैयारी सुरू गरेको छ ।

सरकारले रूग्ण उद्योग सञ्चालन गर्ने तैयारी गरेको छ । यद्यपि १५ संस्थान घाटामा छन् । हेटौंडा कपडा उद्योग, गोरखाकाली रवर उद्योग, धागो, जुट, चिनी, चुरोट, ओरियन्ट म्याग्नेसाइट, नेपाल मेटल, उदयपुर, हेटौंडा सिमेन्ट लगायतका रूग्ण उद्योग सञ्चालन गरिने उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले बताएका छन् । तर रूग्ण उद्योग सञ्चालन गर्न चुनौती धेरै नै छन् ।




मन्त्री भन्छन्- ९ उद्योग सञ्चालन गर्ने तैयारी छ । प्रधानमन्त्रीकै निर्देशनमा रूग्ण उद्योग सञ्चालन गर्ने विषय हामीले चालु आर्थिक वर्षको कार्यक्रमको प्राथमिकतामा राखेका छौं । सरकारको यो सकृयतामा केही व्यापारी भने लाभ उठाउने प्रयत्न गर्न थालेका छन् । कतै सेटिङ्मा राज्यकोषको दोहोन नहोस्, संचेतना जरूरी छ ।

हरेक मंगलवार : गोरखा एक्सप्रेस
www.nepaltoday.com.np

# राजनीतिमा ओलीको दम्भ र प्रचण्डको छटपटी



डा. केशव देवकोटा

देशका कार्यकारी प्रमुख तथा एमालेका अध्यक्ष केपी ओलीको दम्भ र प्रमुख प्रतिपक्षी दलका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको छटपटीकाबारेमा नेपालको राष्ट्रिय राजनीतिमा धेरै चर्चा हुनेगर्दछ । यस्ता दृश्य नेपालको संसदीय राजनीतिमा धेरै देखिएका छन् । खासमा संसदीय राजनीति गर्नेहरूले यसलाई संसदीय व्यवस्थाको सुन्दर पक्ष मान्दछन्भने अरूले यसलाई संसदीय राजनीतिको बिकृत पक्षकारूपमा लिने गरेका छन् । यसरी जनताको ध्यान अन्यत्र मोढेर आफूले राज्यका सुख सुविधा भोगगर्नुलाई कदापि देशभक्ति मान्न सकिँदैन । पछिल्ला केही कार्यक्रमहरूमा माओवादी केन्द्रका अध्यक्ष दाहालले बर्तमान सरकार धेरै दिन नटिक्ने, भारतका लागि कम्फोर्टेवल नभएको र बंगलादेशको घटना नेपालमा दोहरिन लागेको लगायतका बिषयबस्तुलाई समेटेर भाषण गरेपछि प्रधानमन्त्री ओलीले गत शनिबारको नेकांका सभापति शेरबहादुर देउवासमेत सहभागी एक कार्यक्रममा आफ्नो कार्यकाल अब एक बर्ष १० महिना १५ दिनमात्रै बाँकी रहेको बताएर दम्भ प्रदर्शन गर्नुभएको थियो । प्रम ओलीले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाललाई बंगलादेश र श्रीलंकाको त्रास नदेखाउन चुनौतीसमेत दिनुभएको थियो । क्याप्टेन रामेश्वर थापाको पुस्तक 'इन्टु द फायर' को विमोचन समारोहलाई सम्बोधनगर्दै प्रधानमन्त्री ओलीले बंगलादेश र श्रीलंकाको घटनाबाट ठूलो डर दाहाललाईनै भएको बताउनु भएको थियो । त्यसक्रममा प्रधानमन्त्री ओलीले आफूले १७ हजार मान्छे नमारेकाकारण खुट्टा नकमाउनेसमेत बताउनु भएको थियो । उहाँले बंगलादेशमा जे भयो नेपालमा त्यही हुन्छ भन्ने ? नेपाल कुनै देशको फोटोकपी मेशिन होईन । यहाँ आफ्नै इतिहास र परम्परा छ । डेमोक्रेसी हामीले लडेर ल्याएका हौं । अहिलेको संविधान हामीले लेखेको हो । म त्यो हैसियत राख्छु पनि भन्नुभएको थियो । खासमा भन्नेहोभने बर्तमान सरकारको निर्माणनै नेपाली कांग्रेसले गरेको हो । तत्कालीन प्रधानमन्त्रि पुष्पकमल दाहालले गत जेठ २७-२८ को दिल्ली दौडबाट स्वदेश फर्केर सरकारबाट फेरी एमालेलाई हटाएर नेपाली कांग्रेसलाई भित्र्याउने प्रयास गरेपछि नेकांका नेताहरूमा आफूहरूलाई प्रम दाहालले 'बिरालोले मुसो खेलाएजस्तो' गरेको महशुस भएको थियो । त्यसपछि नेकांका नेताहरूले आपसमा छलफल गरेरनै ओलीलाई बालकोट पुगेर प्रधानमन्त्रि बनिदिन आग्रह गरेको देखिएको थियो । त्यसैक्रममा असार १७ गतेको सहमति भएर असारको अन्तिम सातामा बर्तमान सरकार गठन भएको हो । सबैलाई थाहाभएको बिषय होकि यो सरकार 'नेपाली कांग्रेसले समर्थन गरेसम्म' मात्र टिक्छ ।

नेपाली कांग्रेसलाई पनि थाहा छकि एमालेलाई सरकारबाट हटाउने होभने फेरी माओवादी केन्द्रलाई गुहार्नु पर्दछ । एमाले फेरी प्रमुख प्रतिपक्षमा पुग्योभने केही पनि कामगर्न सकिँदैन । त्यसैले एमालेका अध्यक्ष ओली कुनै आकस्मिक घटना भएमा बाहेक उहाँले भनेअनुसार गत शनिबारको मितिले एक बर्ष १० महिना १५ दिन टिक्ने निश्चित छ । त्यसपछि एमाले नेकांका सभापति देउवालाई प्रधानमन्त्रि बनाउन बाध्य छ । एमालेका अध्यक्ष ओलीका अगाडि आनाकानीगर्ने कुनै संभावना छैन । माओवादी केन्द्र बृत्तबाट नेकांकी नेतृ आरजु देउवालाई भारतले अति महत्व दिएकाले उहाँनै प्रधानमन्त्रि हुने जुन प्रचार गरिएको थियो, त्यसको स्वयं आरजुलेनै खण्डन गरिसक्नु भएको छ । गत १३ गते कैलालीको धनगढीमा आयोजित पत्रकार सम्मेलनमा आरजुले आगामी प्रधानमन्त्री आफू नभई आफ्ना पति तथा नेकांका सभापति शेरबहादुर देउवानै बन्ने बताउनु भएको थियो । उहाँले प्रधानमन्त्री बन्न पहिले संसदीय दलको नेता बन्नुपर्छ । त्यसैले म तत्काल प्रधानमन्त्रि बन्ने कुनै संभावना छैन पनि भन्नुभयो । सो कुरा पनि त्यतिबेला धनगढीमै रहनु भएका पुष्पकमल दाहाललाई मुखभरीको जवाफ भएको थियो । त्यसमा पनि हालै सर्बोच्च अदालतले गरेको एक फैसलामा समानुपातिकतर्फबाट संसदमा चुनिएकाहरूका बारेमा गंभिर प्रकृतिको प्रश्न उठेको छ । त्यसैले समानुपातिक निर्वाचन पद्धतिबाट चुनिएकाहरू प्रधानमन्त्रि हुने कुनै संभावना छैन । प्रधानमन्त्रि केपी ओलीले आफ्नो ०७८ मा चितवनमा भएको महाधिवेशनका क्रममा एमाले 'थ्यौरिटिकल कम्युनिष्ट' नभएको बताउनु भएको थियो । त्यो भनेको 'नाममात्रको कम्युनिष्ट' भन्ने हो । एमालेको नामका अगाडि कम्युनिष्ट पार्टी रहेको भएपनि उसका लागि कम्युनिष्ट पार्टीको बिचार र सिद्धान्तको कुनै मतलव छैन । एमालेले ०४६ सालको राजनीतिक परिवर्तनपछि पार्टीको बैठकबाट औपचारिकरूपमै 'माओ बिचारधारा' परित्याग गरेर जनताको बहुदलीय जनवाद अंगालेको थियो । त्यसपछि पार्टी कार्यालयमा रहेका मार्क्स र ऐङ्गेल्स लगायतका अन्तराष्ट्रिय कम्युनिष्ट नेताहरूको तस्विरसमेत हटाएको थियो । साथै तत्कालीन एमालेका महासचिव माधव नेपालले पार्टीको नाम बदलेर 'सामाजिक जनवादी पार्टी' राख्ने प्रस्ताव गर्नुभएको थियो । बिचारका हिसावले एमाले नेकांजस्तै पार्टी हो । त्यसैले उसलाई कुनै कम्युनिष्ट एकता गरिरहनुपर्ने दरकार छैन । तथापि विश्वका अन्य कम्युनिष्ट पार्टीसँग नभएपनि चिनियाँ कम्युनिष्ट पार्टीसँग निकटताभने कायमै राखेको छ । हुन त नीतिगत हिसावले माओवादी केन्द्र पनि कुनै कम्युनिष्ट पार्टी होइन । उसले पार्टीको नाममा माओवादी राख्नु भनेको 'माओको बदनाम गर्नु' मात्र हो । माओवादी केन्द्रले ०७५ जेठ तीनगते एमालेसँग पार्टी एकता गरेर नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बनाउँदानै माओवादलाई औपचारिकरूपमै परित्याग गरेको थियो । त्यसपछि एमालेसँग मिलेर केही समय चीनका राष्ट्रपति सि जिन पिङको बिचाधारा अपनाउने प्रयास गरिएको थियो । त्यसोगर्दा भारत र अमेरिका रिसाउने भएपछि त्यसलाई पनि परित्याग गरिएको थियो । त्यतिबेला माओवादी केन्द्रले एमालेलाई जसरी पनि बिभाजन गराउने उद्देश्यकासाथ पार्टी एकता गरेको थियो ।

त्यसैले एमाले र माओवादी केन्द्रकाबीचमा पार्टी एकता हुनासाथ पुष्पकमल दाहालले एमालेका नेताहरू माधव नेपाल र बामदेव गौतमलाई साथमा लिएर अलग्गै गुट बनाउनु भएको थियो । जुन गुटले अलग्ग बैठकगरी त्यसका निर्णयहरू पार्टी र तत्कालीन सरकारमा लाद्ने प्रयास गरेपछि ०७७ फागुन २३ गतेको सर्बोच्च अदालतको एक फैसलालाई बहाना बनाएर एमाले र माओवादी केन्द्र फेरी अलग भएका थिए । त्यतिबेला माइतिघर मण्डलामा पलेटी कसेर पुष्पकमल दाहाल र माधव नेपालले नेकपाको अध्यक्ष सहित साधारण सदस्यबाटसमेत केपी ओलीलाई निष्काशन गरेको घोषणा गर्नुभएको थियो । पछि अथक प्रयास गरेर माधव नेपाललाई एमालेबाट फुटाइएको थियो । ०७७ कार्तिक पाँचगते राति तत्कालीन प्रधानमन्त्री ओली र भारतीय गुप्तचर संस्था रिसर्च एण्ड एनालाइसिस विङ (रअ) का प्रमुख सामन्तकुमार गोयलबीचको भेटवार्ताको पछाडि पुष्पकमल र माधव नेपालको हात रहेको देखिएको थियो । जसमार्फत ओलीलाई धम्क्याउने काम भएको थियो । सो भेटकाक्रममा गोलयले नेपाल-भारतबीचको मैत्री सम्बन्ध खलबलिन नदिने, समस्याहरूको वार्ताद्वारा समाधानगर्ने र पारस्परिक सहयोगलाई निरन्तर अगाडि बढाउने बिषयमा आफ्नो धारणा राखेको भनिएको थियो । रअका तत्कालीन प्रमुख गोयल नेतृत्वको नौ सदस्यीय टोली कूटनीतिक उडानबाट नेपाल आएको थियो । सो भेटलगत्तै पुष्पकमल र माधव नेपालले रअका प्रमुख गोयलसँग आफूहरूको भेट नभएको बक्तब्य दिएर पानीमाथि ओभानो हुने प्रयास गर्नुभएको थियो । त्यसपछि संसद बिघटन लगायतका गतिबिधिहरू भएका थिए । हाल आएर एकातिर माओवादी केन्द्रका अध्यक्ष दाहालले आफ्नो पार्टीका बैठक र प्रशिक्षण कार्यक्रमहरूमा माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी र नेत्रबिक्रम चन्द नेतृत्वको नेकपासँग पार्टी एकताका लागि वार्ता भैरहेको बताउने गर्नुभएको छभने अर्कातिर उक्त पार्टीहरूको नेतृत्वले वार्ता नभएको बताउने गरेको देखिएको छ । माधव नेपालले आफ्नो पार्टीको महत्वपूर्ण बैठकमै माओवादी केन्द्रसँग पार्टी एकताका लागि वार्ता नभएको प्रष्टिकरण दिनु परेको थियो ।

त्यसैगरी सो पार्टीका बरिष्ठ नेता झलनाथ खनालले समेत बिभिन्न सञ्चार माध्यमहरूसँगको अन्तवार्तामा माओवादी केन्द्रसँग तत्काल पार्टी एकता पनि संभव नभएको र त्यसका लागि कुनै वार्ता पनि नभएको स्पष्ट गरिसक्नु भएको छ । ०७९ मै एकीकृत समाजवादीले माओवादी केन्द्रले पार्टीको नामबाट 'माओवादी' र आधारभूत सिद्धान्तबाट 'माओवाद' त्यागेको औपचारिक घोषणा नगरेसम्म पार्टी एकता नहुने स्पष्ट गरेको थियो । माओवादी केन्द्रसहितको समाजवादी मोर्चामासमेत पुष्पकमल दाहाललाई नहटाएसम्म मोर्चा अगाडि बढ्न नसक्ने कुरा उठेको छभने माओवादी केन्द्रमा समेत अध्यक्ष परिवर्तनको कुरा सतहमै आएको छ । पुष्पकमल दाहालको 'भनाई र गराईमा ठेगान नहुने' समस्या देखिएका कारण अन्य पार्टीका साथैं माओवादी केन्द्रका पनि झस्किएका छन् । दाहाल भनाईमा 'उग्र बामपन्थी' र गराईमा 'चरम दक्षिणपन्थी' देखिँदै आउनुभएको छ । कतिपयले त जनयुद्धकालीन माओवादीका नेता डा. बाबुराम भट्टराईले गतबर्षनै आगामी १५ बर्ष भित्रमा नेपालमा कुनैपनि कम्युनिष्ट पार्टी नरहने घोषणा गरिसकेको र प्रचण्डलले त्यसका लागि वातावरण बनाउँदै गएकोभन्ने अर्थमा बिश्लेषण गरेको देखिएको छ । पछिल्ला राजनीतिक घटनाक्रमलाई केलाएर हेर्दा बर्तमान सरकार तत्काल नढल्ने बरू बिभिन्न बहाना बनाएर माओवादी केन्द्र, एकीकृत समाजवादी र उपेन्द्र यादव नेतृत्वको जसपा फेरी बर्तमान सरकारमै सहभागि हुनसक्ने संभावना देखिएको छ । पुष्पकमल, माधव नेपाल र उपेन्द्र यादवका पछिल्ला भनाईले उपरोक्त कुराको संकेत गरिसकेका छन् । जसका लागि दिल्लीको संकेत आउनुपर्ने अवस्था रहेको देखिएको छ । यसरी एकातिर देशका कार्यकारी प्रमुख ओली आफ्नो कार्यकाल र राजनीतिप्रति ढुक्क देखिनुभएको छभने अर्कातिर प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्रका अध्यक्ष दाहालमा औधी 'छटपटी' बढेको छ । यसैबीच नेपालको राष्ट्रिय राजनीति कसरी अगाडि बढ्ने हो ? त्यो यसै भन्ननसकिने अवस्था छ । आम देशभक्त नेपालीले सत्य, तथ्यको बिश्लेषण गरून ।



# सुसेली साहित्य र मुक्तक लेख्ने प्रयासहरू



अर्काको पार्टी के दरकारको के कुरा गर्नु
यो फेरिइरहने सरकारको के कुरा गर्नु
आजभोलि म त चुपचाप बस्ने गरेको छु
आफ्नो पार्टीको सरकारको के कुरा गर्नु ?

**- जेबी खत्री**



समाजमा राम्रो गर्नेकै पछिपछि पर्छन् अरे
सधैं उसकै बारेमा टिका टिप्पणी गर्छन् अर
कुरा काट्ने बाहेक केही नगर्ने कुरौटेहरू यहाँ
अरूको उन्नति देख्दा डाहा रिसले मर्छन् अरे!

**- पारस भट्ट प्यासी**



घरी कतै घरी कतै घुम्ने त्यो मनको के बिश्वास!
न्याय, निशाफै हराएको सदनको के बिश्वास !
हजुर बा !अनि बा ! सम्मको 'प्रेम' अमर थियो
अहिले यी फेशबुके मुना, मदनको के बिश्वास !

**- अर्जुन अधिकारी**



मनमा कपट पालेर, अधिल्तिर हास्नु को के अर्थ
उसको भरोसा बालेर, छातिमा टास्नु को के अर्थ
दुखमा हातथाम्ने असल कोही भैदिए पुग्छ हजुर
उसको सिदा मन चालेर, ब्यवहार गास्नु के अर्थ ?

**- चन्द्रकला आचार्य**

## सुसेली साहित्य समूहको तीज




राष्ट्रिय सुसेली फाउन्डेसनले भदौ १५ गते प्रारम्भिक साधारणसभा तथा तीज विशेष कार्यक्रम सम्पन्न गरेको छ । सुसेली प्रवर्तक/अभियन्ता दुर्गा अधिकारी भमरकोटेको संयोजन/व्यवस्थापनमा सुसेली फाउन्डेसनकी उपाध्यक्ष सुशीला ढकाल अधिकारीको सभापतित्व, साहित्यकार गङ्गा कर्माचार्यको प्रमुख आतिथ्य, संस्थाकी संरक्षक गङ्गा लिगल, सल्लाहकार चन्द्रा न्यौपाने, नेपाल प्रज्ञा प्रतिष्ठानकी प्राज्ञ सदस्य कौशिला रिसालको विशिष्ट आतिथ्यता र निबन्धकार मदन पुरस्कार विजेता युवराज नयाँघरे, सल्लाहकार डा. शैलेन्दुप्रकाश नेपाल, वरिष्ठ कवि कलानिधि दाहाल, कपन बानेश्वरका सम्पादक निबन्ध आचार्य, जन आकाश मिडियाका सम्पादक मोहन कार्की, नोवेल साकोसका अध्यक्ष राजन न्यौपाने, बुनपा १० का वडा अध्यक्ष नवराज भट्टराई, नेपाली लेखक संघ अध्यक्ष बिसु कुमार केसी, विश्व नेपाली साहित्य महासंघका केवी पौडेल, सुसेलीका महासचिव दामोदर ढकाल दिपक, कोषाध्यक्ष कृष्ण केसी, सुसेलीका पदाधिकारी लगायत स्रष्टाहरूको उपस्थितिमा सुसेली तीज मनाइएको हो ।

कार्यक्रममा सुसेली वाचनसँगै तीज नृत्यलहर पनि चलेको थियो ।

यो साहित्यिक हरितालिका तीजको कार्यक्रममा संस्थाका सल्लाहकार द्वय डा. शैलेन्दुप्रकाश नेपाल र चन्द्रा न्यौपाने, निबन्धकार युवराज नयाँघरे, साहित्यकार गंगा लिगल, नेपाल प्रज्ञा प्रतिष्ठानकी प्राज्ञ सदस्य कौशिला रिसालले शुभकामना दिनुभएको थियो । अन्य सबैले सुसेली गाएर र नाचेर साथ दिनुभएको थियो ।

## गाउँका सामन्त अझै सामन्त छन्

तिम्रो बुबाको सधैंभरी पेट दुखिरहन्थ्यो, कुनैदिन त एक बाल्टी खुन कै बान्ता हुन्थ्यो भनेर पनि धेरैले कुरा सुनाएका छन् । तर मेरो बालाई हाम्रो ऋण खायौ भनेर गाउँका केही सामन्तीहरूले मारेको हो रे ! मेरो हजुरबुबा त एकदमै सोझो मान्छे गाउँका ठुलाबडा भनौंदाहरूले हाम्रो हलि बनेनौं भनेर हजुर बुबालाई पनि गाउँबाट निकाला गरेको थियो रे ! पल्लो घरका साईला दाईलाई मुखिया बा ले कमारो बनाएर राखेको चार गाउँसम्म चर्चा थियो ! पुतली आमाको पेटको बच्चा लात्तीले किचेर पेटमै मारिदिएको होरे !

त्यही ठुलाबडा भनौंदाहरूले सल्लेरी बनमा आफ्नै बहिनीलाई बलात्कार गरिरहेको बेला गोठाला भएका एक सज्जन कामी बा को छोराले आफ्नै आँखा अगाडी देखेको हो ! तर बिचरालाई आफ्नो ज्यानको मायाले बाँध्यो, आफ्नै बुबालाई भनेर गाउँ छोडेर भाग्यो । अहिले कामी बा को छोराको अत्तोपत्तो छैन् !

घरबाटै हराएको चालीस -पैंतालीस बर्ष भैसक्यो घरमा आमा बुबा बितेकै पाँच- साथ बर्ष भैसक्यो !

गाउँका एक सर्व साधारण सोझा उब्जल काकाले दुई तीन महिना स्कुलमा पढाउनु भयो । ब्यवस्थापन समितिले उब्जल काकालाई राम्रो पढाउनु हुन्छ भनेर त्यही स्कुलमा सधैं पढाउन पाउने कागजपत्र बनाउने कुरा राख्यो ! उब्जल काका पनि निकै खुसी भए तर स्कुलका हेडसर जो त्यही गाउँका सामान्तिका छोरा थिए र उहाँले नै हस्ताक्षर नगरेर उब्जल काका शिक्षक हुन पाएनन् !

हेड सरले भनेका थिए रे तँलाई स्कुलको शिक्षक बनाएर हाम्रो बेइजती हुन्छ । शिक्षक त म जस्ताले पो हुने, तिमीहरूले हो र ?


तिनीहरूका खराव आचरणहरू लाखौं छन्! भनेर मलाई ठुले गाउँका धामी बाले बताएका हुन् ।

मैले धामी बलाई सोधे अहिले कस्ता लाग्छन् त तिनीहरू ?

मलाई अहिले पनि तिनीहरूका स्वभाव उस्तै लाग्छ, अझैसम्म पनि गाउँमा अन्याय, अत्याचार, दम्भ, सम्पत्तिको आडम्बर देखाई नै रहन्छन्! सोझा साझालाई आफ्नो मुठ्ठीमै दवाउन खोज्छन् ! तर धर्मकर्ममा निकै उत्साहित हुन्छन् यो कार्य चाहिँ राम्रो देखिन्छ ! तरपनि पाप गर्न चाहिँ नछोड्ने सामान्तिका खलकहरू सुध्रीलानकी भन्ने आस मनमा पलाएको छ !

**पारस भट्ट प्यासी** , बैतडी

## राजन न्यौपानेको *अकथनीय कथा*




अकथनीय कथा, राजनप्रसाद न्यौपानेको नयाँ कृति । नोबेल साकोस साहित्य संस्था स्थापना गरेर लामो समयदेखि नेपाली वाङ्मयको विकासा लागेका न्यौपाने होनहार प्रतिभा हुन् । उनी बहुमुखी प्रतिभाशाली पनि छन् । संस्थापक, संयोजक, सञ्चारकर्मी, वरिष्ठ साहित्यकार, पत्रकार, उदघोषक, उत्प्रेरक, समाजसेवी तथा बहुप्रतिभाशाली, अत्यन्त मिलनसार व्यक्तित्वका धनी राजनप्रसाद न्यौपानेको नयाँ कृतिले समाजका बिकृति र बिसंगतिलाई चिरफार गरेका छन् । सन्तान भएर मातापिताको साथमा रहेर बुवाको जन्म दिनमा यो पुस्तक न्यौपानेले खुसीको उपहार दिएका हुन् । ब्लड एशोसिएशन नेपालबाट सम्मानित पनि भएका छन् । कृति समाजलाई मनपरोस्, अरू कृति पनि आउन्, हार्दिक शुभकामना ।

## हरि मञ्जुश्रीको अनुसन्धान–

### पितृभूमिका महिला भोग्या, मातृभूमिका महिला पूज्या

आफ्नो भूमिलाई जो-जो पितृभूमि भन्छन्, त्यहाँ-त्यहाँ पहिले पुरूषप्रधान समाज थियो र मातृ जातिका लागि कुनै स्थान थिएन भन्ने थाहा हुन्छ । त्यहाँ महिलाहरू पूज्या रहेनछन्, भोग्या रहेछन् भन्ने बुझिन्छ । मुसलमान, इसाई आदि पितृभूमि भन्छन् । उनीहरूमा मातृपूजाको प्रचलन छैन । त्यसैले त्यस्ता मुलुकहरूमा महिलाले आफ्नो अधिकारका लागि सङ्घर्ष गरे र अधिकार पनि पाए । उनीहरूको पन्थमा महिलालाई ठाउँ नभएको हुनाले त्यहाँ महिला आन्दोलन उठ्नु स्वाभाविकै हो । जो-जो आफ्नो भूमिलाई मातृभूमि भन्छन्, त्यहाँ-त्यहाँ पहिले नारीप्रधान समाज थियो र मातृजाति सशक्त थिए भन्ने थाहा हुन्छ । शास्त्रीय ग्रन्थमा महिलाहरूको महिमागान छ । विभिन्न चाडहरू मातृशक्तिसँग सम्बन्धित छन् । शक्तिविना शिव पनि शव हुन्छन् भन्ने मान्यता छ । महिलाहरू पूज्या र शक्तिशाली भएकैले देवताले पनि देवीको उपासना गरेका आख्यान पढ्न पाइन्छ । जहिलेदेखि पितृभूमि भन्नेहरूको आँखाले मातृभूमिका महिलालाई हेर्न थालियो र उनीहरूको अनुकरण गर्न थालियो, तहिलेदेखि महिलाहरू पूज्याको स्थानबाट भोग्याको स्थानमा झरेका हुन् कि भन्ने लाग्न थालेको छ । पितृभूमिका पीडित महिलाहरूको किताब पढेपछि मातृभूमिका महिलाहरूले पनि आफूसमेत उनीहरूकै अवस्थामा पुगिने हो कि भन्ने लागेर आफ्नो महिमा र सामर्थ्य बिर्सेका होलान् र आफूलाई बलशाली पूज्याको स्थानबाट कमजोर भोग्याका रूपमा आफैँले हेरी शारीरिक सौन्दर्यलाई महत्त्व दिन थालेका होलान् जस्तो पनि लाग्न थालेको छ । (बनेपामा भएको कन्यापूजाका अवसरमा हिजो भएको वार्तालापमा उठेका कुराहरू) ।

## मदन र जगदम्बा पुरस्कार

३०४ कृतिमध्ये मोहन मैनालीको कृति 'मुकाम रणमैदान'ले पाएको छ मदन पुरस्कार, जगदम्बा श्री पुरस्कार प्राडा योगेन्द्रप्रसाद यादवलाई दिने निर्णय गरिएको छ । २०८० सालमा प्रकाशित पुस्तकमध्ये आवेदन परेर छानिएका ५ पुस्तकमा मैनालीको 'मुकाम रणमैदान', भक्त स्याङतानको 'डम्फुको आत्मालाप', भावेश भुमरी र प्रणिता चामलिङको 'भावलिपि', जीवन क्षेत्रीको 'नुन-तेल' र रोशन थापा नीरवको 'सन्त्रासका साठी दिन' छानिएका थिए ।

## जाग्रत आँखाहरू



**अरूणबहादुर खत्री–**

समकालीन निबन्ध, नियात्रा, लघुकथा र कवितालेखनमा समेत स्थापित भइसकेका क्रियाशील स्रष्टा पुण्य कार्कीको **जाग्रत आँखाहरू** निबन्धसङ्ग्रह हो । यस कृतिभित्र अरस्तुको अन्धविश्वास, जाग्रत आँखाहरू, आरने कामी र हजार आँखा, बच्चाका जरा, बस्नु राम्रो लगायत विभिन्न शीर्षकका चालिसवटा निबन्धहरू रहेका छन् । नजानेका आँखाहरूमा चेतनाको ज्योति लेश बराबर पाउन सकिन्न । आँखा जाग्रत नहुनुको करिब करिब अर्थ अन्धो हुनुसित गाँसिएको छ भनिएको छ । अरस्तुको अन्धविश्वास शीर्षकको निबन्धमा अरस्तु जस्तो प्रज्ञापुरूष त समाजमा चलिआएको सनातन अन्धविश्वासको धारामा बगेछन् भनिएको छ । औपचारिकताको उल्झन शीर्षकको निबन्धभित्र आजको युगको व्यस्त र जटिल मान्छेलाई प्राकृतिक सहजताको जीवन बाँचेर पुगेको छैन । कृत्रिमतामा रूमलिनु परेको छ । आडम्बरहीन भएर पुगेको छैन । कुनै न कुनै रूपले आडम्बर र ढाँगलाई ग्रहण गरेर बाँच्नु परेको छ भनिएको छ । हाम्रो चेतना अल्कोहलको कुण्डबाट ओर्क (कर्तव्य) को कुण्डतिर कहिले बसाइँ सर्ला त्यो दिन गुनिरहेको छु । त्यो दिन स्मृतिमा सोचिरहेको छु निबन्धकारले अल्कोहलिक कि ओर्कोहलिक निबन्धमा लेखेका छन् । निबन्धकार प्रकृति रूचाउँछन् ।

पुण्य कार्कीको निबन्धहरूले हामीलाई मानव जीवनको एउटा फराकिलो क्षितिजतिरको यात्राको अनुभव गराउँछन् । ती निबन्धहरूका माध्यमबाट हामी हाम्रै छेउछाउ र हामी बीचमै रहेका असङ्ख्य चरित्रहरूका देनन्दिनीलाई स्पस्ट देख्न सक्छौं । आरने कामी र हजार आँखा शीर्षकको निबन्धभित्र छातीमा वेदनाको पहाड लुकाएर समाजको रीतिथिति, लोकलाज र मर्यादाको सामु निगुरमुन्टी नलगाएर सद्दे अवस्थामा पर्याप्त खुल्न सक्ता रहेनछन् । त्यहि मान्छेको मथिङ्गलमा रमरम नशा चढ्न थालेपछि विचित्रको वाणीको निर्झर वर्षा ओइरिन थाल्दोरहेछ भनिएको छ । बच्चाका जरा शीर्षकको निबन्धमा गुँडको सुविधा एकहदसम्म आवश्यक छ, चिलका बच्चालाई पनि मान्छेका बच्चालाई पनि तर त्यो सुविधा प्वाँख नपलाउन्जेल सम्मको लागि मात्र ठीक छ भनिएको छ ।

पुण्य कार्की नेपाली साहित्यका पाठकमाझ परिचित लेखक हुन् । बौद्धिकता र एकोहोरो प्रस्तुतिले निबन्ध पाठकहरूको दृष्टिमा बोझिलो विषय मानिन्छ । तर सामयिकता, फरक शैली, रोचक प्रस्तुति र ससाना कलात्मक वाक्यहरूको संयोजनले निबन्ध पठनीय पनि हुन्छ भन्ने कुरालाई निबन्धकार पुण्यले साबित गरिदिएका छन् ।

सहज र सरल भाषा, तरल र कल्पनाशील भाव तथा सूक्ष्म व्यङ्ग्य चेतना भएका नेपाली निबन्धका स्रष्टा पुण्य नेपाली निबन्ध सृजनाका समवर्ती चरणका सफल साधक स्थापित बन्दै गएका छन् । सृजनाका निरन्तरतामा जुटेका पुण्यको प्रस्तुत कृतिको आधारभूमि भनेको सामवर्ती नेपाली तथा वैश्विक परिवेश हो र यस कृतिमा समाहित निबन्धको सृजनामा त्यसले महत्वपूर्ण भूमिका खेलेको छ । चेतनाको उचाइ शीर्षकको निबन्धमा मेरो बिचारमा सबभन्दा सुन्दर उचाइ चेतनाको उचाइ हो ।




चेतनाको उचाइमा बाँच्नुको मजा अर्को छ निबन्धकारले भनेका छन् । अतिको खती शीर्षकको निबन्धमा अतिको मोहमा लठ्ठीएर अगाडि बढ्दै जाँदा मान्छेले आफूलाई माथि उकाल्ने सिँढी पनि एकदिन आफैलाई खाडीमा पछार्ने धराप बन्छ भन्ने कुरा बिर्सिन्छ । राजामहाराजा, शासकप्रशासकदेखि सर्वसाधारणसम्म आफ्नो अतिको खतीबाट वंचित रहन सकेका छैनन् भनिएको छ । यस सङ्ग्रहभित्रको अन्तिम निबन्ध सबभन्दा सजिलो काम शीर्षकभित्र अरूको आलोचना गर्नु र कुरा काट्नुभन्दा सजिलो काम जगत्मा अर्को छदैछैन । अरूका खोटमात्र खुट्याउन सक्नेले आफ्ना खोट खुट्याउन सक्तैन भनिएको छ ।

लेखनको निरन्तरताको कारणले जाग्रत आँखाहरूका निबन्धहरूमा विचारको गहनता र शील्पको उत्कृष्टता एकातिर छँदैछ भने त्योभन्दा ठूलो कुरा निबन्धमा व्यक्त विचारहरू प्रतिको इमानदारिताको कारणले पनि निबन्धको उचाइ बढेको छ । प्रस्तुत निबन्धहरूमा आफ्नो जीवनशैलीको अनुहार पनि हो । निबन्धहरूमा भाषागत उत्कृष्टता र मिठास पाइन्छ ।

यस सङ्ग्रहभित्रका निबन्धहरू सरल भाषामा लेखिएका छन् । पुण्यका निबन्धमा सरल र शुद्ध नेपाली भाषाको सहज, सरस र स्वाभाविक प्रयोग गरिएको छ । भाषामा सरलता र प्रस्तुतिमा रोचकताको कारण पुण्यको निबन्धहरू पढ्दा कुनै बेला पनि असजिलो महसुस हुँदैन । निबन्धको लेखनक्षेत्रमा स्थापित हुन पुगेका पुण्य निरन्तर निबन्ध, नियात्रा सिर्जनामा एकछत्र आफ्नो लेखनकलाको वर्चस्व राख्दै नवीनता तिर उन्मुख गुठीले जनाएको छ । छन् । उनका निबन्ध पढिरहदा पाठकहरूले पुण्यका अनुभूतिहरूलाई आफ्ना अनुभूतिसँग एकाकार गर्न सक्छन् र निबन्धले उठाएको विषय र सन्दर्भलाई सहज रूपमा बुझ्न सक्छन् ।

यस सङ्ग्रह भित्रका धेरै निबन्धहरू व्यङ्ग्यात्मक पनि छन् र ती युगबोधी दृष्टिले पनि सर्वथा समकालीन छन् । समकालीन चेतनालाई शाश्वतीकरण गर्ने कला र बेग्लै खुबी पुण्यको निबन्धकलाको निजत्व हो । पुण्यको प्रस्तुत निबन्ध सङ्ग्रह नेपाली साहित्यको निबन्ध बिधामा एउटा महत्वपूर्ण सङ्ग्रह मान्न सकिन्छ । जीवन यात्राका विभिन्न मोड र कालखण्डमा उनले अनुभव गरेको अनुभूति उनका निबन्धमा अत्यन्त प्रभावशाली रूपमा प्रस्तुत भएका छन् । सरल भाषा, सहज अनुभूति र सुन्दर कलात्मक प्रस्तुतिमा सिर्जना गरिएका उनका निबन्धमा आफ्नै प्रकारको मौलिक आकर्षण पाइन्छ । निबन्धलाई मुक्तान्त विधा भनिएको छ । किनभने यसमा सधैं अन्त्यको अभाव हुन्छ । अझैं बगिरहुँजस्तो हुन्छ । पाठकलाई पढीरहुँजस्तो । निबन्ध लेख्ने स्रष्टा कम छन् । मस्तिष्क र हृदय दुबै तत्वलाई स्वतन्त्र रूपले विचरण गर्ने ठाउँ नै निबन्ध हो । यो निबन्ध सङ्ग्रह सबै पाठकहरूले पढ्नै पर्छ । यस कृति जस्तै अन्य कृतिहरू पनि आगामी दिनमा प्रकाशित भएर पढ्न पाउने अपेक्षा राखेको छु ।

कृतिः जाग्रत आँखाहरू, प्रकाशनः जनमत प्रकाशन, मूल्यः रू.२५०।- पृष्ठः १४६




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## विदेशी जेलमा हजारौं युवा

विदेशका जेलमा हजारौं युवा सडरहेका छन् । तिनको अभिभावक सरकार हुनुपर्ने हो, जनप्रतिनिधि हुनुपर्ने हो, कोही पनि बोल्दैनन् । मर्ने मरिरहेका छन्, अन्यायमा पर्ने अन्याय खेपिरहेका छन्, तिनलाइ बचाउने प्रयास कसैले गरेनन् ।

खबर आयो, साउदीको जेलमा ६१५ छन् । महिना दिनमै १६ जनाको मृत्यु भयो । झण्डै १६५ देशमा पुगेका नेपालीहरू जेलमा हजारौं भएको र कतिले अन्यायमै मर्नुपरेका घटना छन् । नेपाल सरकार आफ्ना नागरिकको स्थिति के छ ? कुनै तथ्याङ्क राख्दैन, अभिभावकीय दायित्व निर्वाह गर्न सक्दैन । यस्तो सरकारलाई लोकतान्त्रिक सरकार भन्नुपर्ने ? लोकतन्त्रमा लोक नदेखिनु दुर्भाग्य हो ।

यतिबेला नेपाल सरकार युद्धरत मुलुक इजरायलमा केयरगिभरका नाममा हजारौंलाई पठाउने तैयारीमा जुटेको छ । स्वदेशमा गरिखान नपाएपछि युवाहरू रूस र युक्रेन दुबैतिरका सेनामा भर्ती भएर युद्ध लडिरहेका छन्, भोक र परिवारको पीडा सहन नसकेर जुनसुकै युद्धग्रस्त क्षेत्रमा जान सकृय भइरहेका छन् ।

भोक, घरपरिवारको दायित्व ज्यानभन्दा महत्वको हुनेरहेछ । आमनागरिकको यो बेदना लोकतान्त्रिक सरकारले बुझेन, यस्तो पद्धति जनविरोधी पद्धति बन्नपुग्यो । हो, बैदेशिक रोजगारीमा गएका युवाहरू कतिपयले अनजानमा अपराध गरेका होलान्, कतिपयले बाध्यतामा । तिनलाई कानुनी उपचार दिने जिम्मा राज्यको हो । तिनले पठाएको रेमिटान्स, कर लिने राज्यले नागरिकको सुरक्षा हेर्नुपर्दैन ? रेमिटान्सले राज्य चलाउने, गुड्डी हाँक्ने अनि रेमिटान्स पठाउने मरे मरोस् । यो त राज्यसञ्जाल चलाउनेहरूको कुनियत, भ्रष्ट र अलोकतान्त्रिक चरित्र भएन र ?

हरेक दिन खबर आइरहेका छन्, खाडी मुलुकमा रोजगारीमा जानेहरूको दैनिकी साह्रै कष्टकर र पीडादायक छ । उनीहरूलाई कडा काममा जोताइन्छ, समयमा खान दिइन्न, तलव दिइन्न, किनिन्छन्, बेचिन्छन्, सामान्य विषयमा पनि तिनीहरू जेल कोचिन्छन्, मर्छन्, मारिन्छन् । एउटा कम्पनीले तलव नदिएपछि अर्को कम्पनीमा जाँदा पनि जेल कोचिएका छन् । कतिपय युवतीहरू बच्चा फाल्छन्, मारिन्छन्, कतिपयलाई बच्चा पाउने भएपछि नेपाल लघारिएका घटना पनि छन् । कतिपय कम्पनीले कामदारलाई पैसा दिनुपर्‍यो कि चोरको आरोप लगाए जेल कोचिदिन्छन् ।

यसकारण प्रश्न उठ्छ- नेपाल सरकार छ, छ भने कहाँ छ ।

रूसमा युद्ध लड्ने जागीरमा पुगेका केही युवा मारिए । विपिन जोशी बाँचेको विश्वास छ । तिनलाई फर्काउने सफल प्रयास हुनसकेन । सरकार परिवर्तन भए, परराष्ट्रमन्त्री परिवर्तन भइरहे, सबैले आश्वासन दिए, फर्काउन सकेनन् । रूसका राजदूतलाई भनियो, राजदूतले मरेकालाई क्षतिपूर्ति नेपालमै दिन तैयार रहेको सम्म जनाउ दियो तर जोशीको अवस्थाबारे केही पनि बोलेन । युक्रेन मामिलामा नेपालले रूसका विरूद्ध राष्ट्रसंघमा मतदान गरेकैले रूस नेपाल सम्बन्धमा चिसोपन छ । नेपालले रूससँगभन्दा अन्य पश्चिमासँग सम्बन्ध सुधार गर्न चाहेको र आफ्नो परम्परागत असंलग्न परराष्ट्रनीति छाडेकाले पनि नेपालको ओरत्र र परत्र सबैतिर डावाँडोलको अवस्था सिर्जना हुनपुगेको छ । रूसको सेनामा भारतीय युवा पनि पुगेका रहेछन् । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले रूसका राष्ट्रपतिसँग वार्ता गरेर आफ्ना नागरिकलाई फर्काउन सफल भएका छन् । तर नेपालले सकारात्मक प्रयास गर्नैसकेन । यसको अर्थ हुन्छ, नेपालको कूटनीति पानीभन्दा पातलो भइसकेछ ।

अब नेपालले युवालाई निकासी रोक्न के गर्नुपर्छ , विदेशी सेनामा भर्ती रोक्न कुन निर्णय लिनुपर्छ, जसरी पनि विश्वशान्तिमा नेपाली सेना, प्रहरी, युवालाई कसररी प्रभावकारी भूमिकामा पुर्‍याउन सकिन्छ ? भनेर सोच्ने बेला भयो । नेपाली भाडाका सिपाही, विदेशी बनाउने श्रमिक भएर रहिरहन सक्दैनन् । नेपालको इज्जत बढाउने, नेपालको कूटनीतिलाई प्रभावकारी रूपमा स्थापित गर्ने हो भने युवाको महत्वलाई बुझ्नुपर्छ । यदि युवाको महत्व अझै पनि बुझ्न सकिएन भने हिजोआज युवाहरूले असफल पद्धति, भ्रष्ट नेतृत्व, राष्ट्रघाती चरित्र, कुनियत र कुशासक बिरूद्ध युवाहरू नाङ्गै प्रदर्शन गर्न थालिसकेका छन् । यो भनेको बंगलादेशमा, श्रीलंकामाजस्तो दुर्घटनाको आहट हो । आँधी आउनुअघिको सन्नाटा बुझ्न सकिएन भने यसले ठूलो नोक्सानी बेहोर्न बाध्य पार्छ । समयलाई सबैले बुझौं ।

# टेको लगाएको राजनीति कुनै बेला ढल्नसक्छ




विवेकले नचल्नेले धोका पाउँछ, अर्काको बुद्धीले चल्ने व्यक्ति साधनमात्र हो, हतियारमात्र हो ।

टेको लगाएको राजनीति जुनसुकै बेला ढल्नसक्छ भन्ने ताजा उदाहरण अफगानिस्तान पछि बंगलादेश बन्यो । भारतको टेको लागेर उभिएको थियो, संसदमा बहुमत पनि थियो, प्रतिपक्षीलाई किनारा लगाइयो, तर सानो झिल्कोले डढेलो सल्क्यो, जनता ज्वालामुखी बनेर सडकमा निस्केपछि टेको लगाएको राजनीति गर्लम्मै ढल्यो ।

यसकारण राष्ट्र बचाउन राष्ट्रिय शक्तिहरूमा विवेक चाहिन्छ, चाहिन्छ ।

लोकलज्जा भनेको नैतिक बन्धन हो । लोकलज्जा पालना गर्ने हो भने लिखित संविधान नै चाहिदैन । लोकलज्जा आफैमा आचारसंहिता हो । यसकारण त बेलायत बेलायत बनेको छ ।

लोकलज्जा नभएकै कारण नेपाली नेता शिवरात्रिका नागाबाबाजस्ता बने, जनताका घृणापत्र बनेका छन् ।

लोकतन्त्र लोकजीवन हो । लोक व्यवहार हो । लोकतन्त्रमा लोक देखिन्छन्, सुनिन्छन्, लोकका आवाजको कदर हुन्छ । लोकमत लोकतन्त्रको गहना मानिन्छ । गहनाबिना लोकतन्त्र कुरूप देखिन्छ । लोकतन्त्र र लोकलज्जा यी दुबै विशेषता मरेको छ । नाम छ, नाम बदनाम छ । लोकलज्जा नभएकाले लोकतन्त्र बोकाको टाउको देखाएर कुकुरको मासु बेच्ने उखानजस्तो ढाँटको खेती बनेको छ ।

भारतको नक्कल गर्ने नक्कले राजनीतिज्ञहरू भारतकै भाषा बुझ्छन् भने महात्मा गान्धीको भनाई सम्झना गराउनु उपयुक्त होला । ***गान्धी भन्थे- वीरता मनमा हुन्न, मर्नमा हुन्छ । वीरता लोकको इज्जत लुट्नुमा हुन्न, लोकको इज्जत बचाउनुमा हुन्छ ।*** १८ वर्षदेखि यी लोकतन्त्रवादीहरू मनमा वीरताको अहं पालेर बसेका छन्, लोकको इज्जत लुटेर सत्तासुख लुटिरहेका छन् । केही दर्जन नेताहरू राष्ट्रिय अस्मिता र लोकहित महाभारतकी द्रौपदीको दुर्योधन, दुशासनले चीर हरण गरेझैं अमानवीयता, लज्जाहीन अनैतिक बनेर चीरहरण गररहेका छन् । कथित लोकतन्त्र यो सब परिदृश्य टुलुटुलु हेरिहेको छ । लोकतन्त्रको यतिसम्मको कन्तबिजोग ।

इतिहासमा एउटा घटना छ, जुन हृदयबिदारक छ । इरानमा सावाकजस्ता धूर्तलाई आँखाको ज्योति मान्दा राजा पहेलवीले देश त्याग्नुपर्‍यो । नेपालमा देशी विदेशी धूर्तहरूको जालो हिजो थियो, आज छ, अनेक परिवर्तनका कारण धूर्त बनेका थिए । नबिर्सौं, वर्तमान कालखण्ड अन्धकार युग हो, धूर्तहरूकै कारण ।

केही नेताको छवि धुमिल हुँदा देश र जनताको सम्मान धुमिल हुनुहुन्न, लोकतन्त्र र लोकलज्जा नाघिनु हुन्न । दुर्भाग्य, जुन नेपालमा निरन्तर जारी छ ।

लोकतन्त्रलाई लोकले नै अव सराप व्यवस्था भन्न थालिसकेका छन् । यद्यपि व्यवस्था खराव हुन्न, सञ्चालक खराव हुन्छन् । लोकतन्त्रका चालकको मती खराव भएका कारण, लोकलज्जा र लोकतन्त्रको महिमा नबुझ्दा संविधान र पद्धति नै दुर्घटनामा परेको छ ।

थोमस एल्वा एडिसन लाइट बल्बका आविस्कारक हुन्, तर उनलाई भुलक्कड बैज्ञानिक भनेर चिनिन्छ । आफ्नो नाम बिर्सने कस्ता बैज्ञानिक होलान् यिनी ? जनयुद्ध, जनआन्दोलन गरेर लोकतन्त्र चलाउने नेताहरू बैज्ञानिक होइनन्, तर भुलक्कड हुन् । किनभने यिनले लोकतन्त्र आएपछि नेपाल स्वर्ग बन्छ, समानता हुन्छ, सर्वहाराका लागि त बरदान नै हुनेछ भनेका थिए, बरदान आफैले लिए, आफै सुखी बने । न देशले केही पायो, न आमनागरिकले केही पाए । यसकारण आलु खाएर पेडाको धाक भन्नु र नेपालमा लोकतन्त्र छ भनेर संसदवादीहरूले भन्नु उस्तै हो । लोक नदेखिने, लोकआवाज नसुनिने, लोकसँग गरेको प्रतिवद्धता पूरा गर्न नपर्ने र सत्तामा पटक पटक गएर जनघात र राष्ट्रघात गरेर पनि जवाफदेहीता लिनु नपर्ने कस्तो लोकतन्त्र हो यो ?

सुकरात भन्थे, अल्छी त्यो व्यक्ति हो, जसले राम्रो काम गर्नसक्ने क्षमता राख्छ तर गर्दैन । सुकरातको भनाइमा कसी लगाउने हो भने राजनीतिक दलहरू अल्छी हुन्, अल्छी नेतृत्व हो । यो बुद्ध जन्मेको देश । यो देश नेपाल, नेपाललाई नयाँ नेपाल बनाउँछु भनेर कम्मर कस्ने बहादुरहरू यतिबेला कायर बनेका छन् । हाम्रा नेताहरू कायर हुन् भन्ने सवालको जवाफमा एक बुद्धमार्गीको कथन यस्तो छ- निर्वाणा प्राप्त गरेपछि बुद्ध प्रवचन दिइरहेका थिए । प्रवचन सुन्न बसेका मध्ये एकजना जिम्मेवार मान्छे उँघीरहेको थियो, बेला बेलामा घुरिरहन्थ्यो । वीच वीचमा बुद्धले बत्स सुतेका हौ ? भनेर सोध्थे, बत्स झल्यास्स हुन्थ्यो र छैन महात्मा भन्थ्यो । बुद्धको जीवन र जगतबारेको प्रवचन चलिरह्यो । पटक पटक बुद्धले बत्सलाई निदायौ कि भनेर सोधिरहे, उसले झसँङ्ग, झल्यास्स हुँदै जवाफ दिदै गयो- छैन महात्मा ।

प्रवचनको अन्तमा बुद्धले फेरि सोधे- बत्स जिवित छौ । पहिलेझैं उसले जवाफ दियो- छैन महात्मा । श्रोताहरू हाँसे, बत्स झस्कियो ।

बुद्ध उपस्थित समूहतिर हेरेर मुस्कुराए र अन्तिम प्रवचन सुनाए- जो निन्द्रामा हुन्छ, ऊ मृतक समान हुन्छ । उसमा चेत हुन्न, जीवन हुन्न ।

नेपाली नेतृत्व र राजनीति मृतक हो, जीवन देखिन्न । जीवन भएको भए जिवन्त काम हुन्थ्यो । १८ वर्षको बालिग भइसक्दा पनि लोकतन्त्रमा चेत छैन, चेतना देखिन्न । देखिन्छ त बस, भ्रष्ट चरित्र, कुनियत । लोकतान्त्रिक गतिमति र व्यवहार केही छैन । यो पद्धति, पद्धति हाँक्ने नेतृत्व अचेत छ, मृतसमान छन् ।

२०६१ सालको परिवर्तन र २०६५ सालमा हिन्दुराष्ट्र तथा राजतन्त्रको अन्त्य गरेपछि लोकतन्त्र भन्दै राजनीतिक दलहरू यसरी निदाए कि उनीहरू ज्यूँदा छन् कि मरिसके छुट्याउन मुस्किल छ ।

ज्यूँदा भए उनीहरूले घोषणापत्र, जनतालाई के के वचन दिएका थिए, ती देखिनुपर्थ्यो । मह दलेका पार्टीका नाराहरू साह्रै स्वादिला थिए, आलोपालो सत्तामा पुगेर जुन प्रकारको कुशासन गरे, जनता र देशमाथि खातै खात लाग्ने घातै घात गरे, त्यो सब देख्दा लाग्छ, राजनीतिक दलहरू जिवन्त छैनन् । निन्द्रामा छन् ।

यसकारण त, टु दी पिपुल, बाई दी पिपुल, फर दी पिपुलका जन्मदाता अब्राहम लिङ्कनको परिभाषालाई नेपाली राजनीतिमा- टु दी पार्टी, बाई दी पार्टी, फर दी पार्टीका रूपमा देखिन्छ लिङ्कनको परिभाषा कतै फेल भयो भने नेपालमा भयो र नेपालको लोकतन्त्र बलेके मैनबत्तीजस्तो छ, जुन बिस्तारै बिस्तारै पग्लदै सकिदै गएको छ ।

प्रचण्ड स्वाधीनताका लागि सुरूङयुद्ध गर्नँपर्छ भन्ने नेता थिए । बाबुराम संसदीय पोखरी सफा नगरेसम्म स्वच्छ पानी दिन सकिन्न भन्थे । देउवा त समाजवाद र प्रजातन्त्रका डोले हामी हौं भन्छन् । ओली समृद्ध नेपाल सुखी नेपालीको ढोल पिट्ने प्रधानमन्त्री हुन् । प्रचण्डलाई जनयुद्धको धङधङे गएकै छैन । देशभक्तिको भाषण नगर्ने कुनै नेता नै छैनन् । तर जति पनि नेताहरू सत्तामा पुगे, देशभक्ति हात्तीको देखाउने दाँतमा सिमित राखे । आज दुई तिहाइको ऐतिहासिक र सबैभन्दा बलियो सरकार छ तर देशभक्तिका मामिलामा भिजेको परालखुट्टे सरकार र नेता भनेका यिनै हुन् । देश भन्छन्, देशभक्ति गर्दैनन् । जनता भन्छन्, जनताको कुरै सुन्दैनन् ।

निरंकूशताको पुतला, अधिनायकवादी संस्कार भनेको यही हो । यसकारण नेपालको लोकतन्त्र फोहरी सोच छोप्ने देखावटी सुकिलो टालोमात्र बन्यो ।

जनवादको हुंकार खुब गर्छन् नेपाली कम्युनिष्टहरू । समाजवाद उन्मुख सर्वहाराको नाराबाजी लगाउँछन् । जनतालाई सकसमात्र दिइरहेछ जनवाद, समाजवाद । दुःखी जनता नाना, खाना, छाना र न्याय खोजिरहेका छन् । सरकार कर थोपरिरहेको छ, सेवाका नाममा अनियमितता बढाइरहेछ । 'नेपालीलाई मार्ने, विदेशीलाई पोस्ने' ०४६ सालपछि यही उद्यम चलिरहेको छ । राजनीतिमा लेण्डुप हैजा फैलिएको छ । लोकतन्त्र छ, लोकतान्त्रिक बन्न चाहदैनन् । संविधान छ, विधिमा कोही बस्न र चल्न चाहदैनन् । दिल्लीको हाजमोला, जे खायो पचायो, लोकतन्त्रको गायत्री मन्त्र यही हो ।

जनताले देशको माटो मलिलो होस, देश गुलाफ झैं फुलोस् भनेर खोजेका हुन् । नेताले प्लास्टिकको गुलाफ दिए । प्लास्टिक क्यान्सरको कच्चा पदार्थ हो । यिनै नेता र यही नीति र सोच कायम रहने हो भने लोकतान्त्रिक स्वाभिमानको श्वासमा विदेशीकरणको दुर्गन्ध झन बढी फैलिनेछ । लोक र देश नदेखिने तन्त्र लोकतन्त्र हुनसक्दैन । लोकतन्त्रको आदर्श वाक्य That Government is the best which governs the least हो । बुझ्न सके यो वाक्यभित्र लोकतन्त्र लोकआनन्द, विशेषता अन्तर्निहित छ ।

बुद्धवाणी, लोकतन्त्रको निर्वाणा सीमा नसुनेर नदेखेर सुत्ने सुतारोहरू जो जिवन्त छैनन्, सुनाएर के काम ? भैंसीलाई बिनबाजा भनेको यही हो ।

आत्मा हुन्छ भने लिंकनको आत्मा नेपालको लोकतन्त्र देखेर दुःखित होलान् । ९ महिना आमाको गर्भमा रहेर जन्मेको शिशु पनि १८ वर्षमा बुझ्ने बुझाउन सक्ने बालिग भइसकेको हुन्छ । तर्र लोकतन्त्र लुटतन्त्रमा खुम्चियो ।

स्मरणरहोस्, १९७८ फेब्रुअरी ३ मा नेपाल आएका तेङ्सियाओ पिङले नेपाल र चीन एउटा डाँडो र एउटा नदीले जोडिएका छौं भनेका थिए । तेङको चीन विश्वबजार, विश्वशक्ति बनिसक्यो, बीआरआइको योजना बोकेर चीन विश्वभरि फैलिन थालिसक्यो । हामी दक्षिणीको लुतो कन्याएर बसेका छौं । चाउएनलाईले १९६० अप्रिल २८ मा नेपाल र चीनवीच रगतको सम्बन्ध छ भनेका थिए, त्यो रगतको सम्बन्धलाई ४२ वर्षपछि पनि हामीले व्यवहारमा उतार्न सकेनौं, खल्तीमा राखेर गुम्स्याएका छौ । हाम्रो राजनीतिक र कूटनीतिक चेत कति अचेत छ, राजनीतिक प्राणी र कूटनीतिक क्षमता मस्त निदाइरहेको छ ।

काबुलको आतंकपूर्ण वातावरणमा रोजगारीका लागि गएका धादिङ, गोगनपानीका साधुरामले केही समयअघि बिदामा आएका बेला भनेका थिए- 'कावुलमा ट्रेन्च, बम, बारूद, रकेट पड्किरहन्छ, तैपनि त्यहाँ सुरक्षित सुत्न सकिन्छ । म आफ्नै घरमा सुत्न सकिन ।' युवाहरूमा यो नैराश्यता किन आयो, समाजशास्त्रीहरूले भनुन् ।



Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# भोटो देखाउने परम्परा

**०८१ साउन २० गते भोटो देखाउने जात्रा सम्पन्न भएको छ । ऐतिहासिकता जोडिएको यो भोटा जात्रामा आज पनि सोधिन्छ– यो भोटो कसको हो ।**

**–गोपीचन्द्र कार्की**

बा को हात समाएर १० -११ वर्षको उमेरमा करिव ६० वर्षअघि मत्स्येनद्रनाथको जात्राको समय जावलाखेलमा देखाउने भोटो जात्रा हेर्न गएको अहिलेसम्म पनि याद छ । त्यस समय मैले कुन ठाउँमा बसेर भोटो देखाएको हेरेको र कुन बाटो गएको, आएको राम्ररी सम्झना आउँछ । त्यसबेला ललितपुरको जावलाखेल स्थिति चिडियाखाना अगाडिको पुरै चौर खुल्ला थियो । भोटो देखाउने स्थान नजिक एउटा पाटीमात्र थियो । त्यो खुल्ला चौरमा भोटो हेर्नेले त्यतिबेला मजाले रथको वरपर नजिकै बसेर, घुमेर मजाले हेर्न पाउँथे ।

यसपाला मलाई पनि भोटोजात्रा हेर्न मनलाग्यो । हुन त भोटो जात्रा हेर्न अहिले जावलाखेल नै पुग्नु पर्छ भन्ने छैन घरमै बसेर पनि टिभीमा आउने प्रत्यक्ष प्रशारणबाट हेर्न देख्न पाइन्छ तर जात्रास्थलमै पुगेर हेरेको, देखेको त्यहाँको माहोल, जात्रालुहरूसँगको प्रत्यक्ष संवादले जात्रा हेर्नुको मजै अर्को हुन्छ । त्यसैले बेलैमा हामी बुढाबुढी त्यता लाग्यौं ।

यसपटक बिहिबार साउन १७ गते लगनखेलबाट मच्छेन्द्रनाथको रथ तानी जावलाखेल ल्याइएको थियो । त्यसको चार दिन अघि मत्स्येन्द्रनाथको पानेजु ( पुजारी ) ले कीर्तिपुरस्थित प्यंगथाँ पुगी त्यहाँ रहनु भएको मच्छेन्द्रनाथको जीवित प्रेमिकालाई फूलप्रसाद चढाउनु भएको थियो । जावलाखेलमा रथ ल्याइएको चौथोदिनमा साइत अनुसार भोटो देखाइने गरिन्छ । पहिले पहिले त रथ तान्ने काममा राजा मन्त्रीहरू नै उपस्थिति हुन्थे रे ! अहिले भने भोटोजात्राका दिनमात्र उपस्थित हुने चलन चल्दै आएको छ ।

यहाँ राख्न खोजेको कुरा जात्राको महत्व र ठाउँ अर्थात खुल्ला चौर सम्वन्धी हो । अहिले भोटो देखाउने जात्रा हेर्न तीनै सहर मात्र हैन यस बाहेक धेरै स्थानबाट स्वदेसी विदेशी त्यहाँ उपस्थित हुन्छन् तर जात्रा देखाउने हिजोको ठूलो जावलाखेलको खुल्लाचौर साँघुरिएर सानो चोक जस्तो हुन पुगेको छ । हिजोको जावलाखेलको खुल्ला चौर अहिले खेलकूदका लागि तारबार गराएर अल्यग्याइएको छ ,यसै भित्र विभिन्न सामान बेच्ने स्टल समेत बनेका छन् । जिल्ला प्रहरी कार्यालय यहीँ पहिलेको चौर भित्रै रहेको छ । उता चिडियाखाना जान ठूलो बाटो बनाइएको छ । भोटो देखाउने स्थानमै दुई दुई वटा मोटर गुड्ने सडक बनेको छ, अनि ठूला अन्य भवन पनि बनेको पाइन्छ । मिननाथ बसेका ठाउँपट्टि पनि महानगरको पार्कका संरचना बनेका छन् । मच्छिन्द्रनाथको रथ रहेको भोटो देखाउने स्थलका रूपमा रहेको ठाउँवरपर अहिले त सलामी दिने सेनाका टुकुडी, बाजा वजाउने सेनाका टुकुडी, शसस्त्र प्रहरीको जत्था, नेपाल प्रहरीको जत्था , विभिन्न स्काउटका जत्था, र ललितपुर महानगरको प्रहरीको जत्थाले नै भोटो देखाउने स्थल ढाक्दो रहेछ । उता खेलकुदका लागि तार बार लागेको ठाउँमा गुठियारहरू भोजखान अटेस मटेस गरेर बसेका देखिन्थे । भोटोजात्रामा सरिक हुने जात्रालुहरूलाई घरि स्काउटले घरि प्रहरीले, घरि शसस्त्र प्रहरीले, खेद्दै खेद्दै पिच सडकमा पुर्‍याउने रहेछन् । पीच सडकमा पुगेका जात्रालुलाई पनि गाडी रोक्नु हुन्न भनेर खेद्दै उता नेपाल टेलिकमको अफिसतिर पुर्‍याउने रहेछन् । फेरि भोटो देखाउनु केही अघिमात्र महानगरका सफाइ कमर्चारी फोहरा लिएर धुलो उडाउने, झाडु बडारू गर्ने, मेसिनबाट पानीले धुने पखाल्ने काम पनि त्यही बेला गरिंदो रहेछ । जात्रालुको त्यो बेलामा पनि भागाभाग हुने रहेछ । भिड बढ्दै गएपछि बस्ने, हेर्ने ठाउँ नभएकाले काठमाडौं ललितपुर चल्ने आवागमन पुरै ठप्प हुँदो रहेछ । यसरी एकैछिनको त्यो भोटो देखाउने जात्रा हेर्न अचेल ठाउँका अभावले हसिन पसिन, ठेलमठेला, किचाघानमा बसेर हेर्नपर्ने अवस्थाको कसले सृजना गरेको होला । सम्वन्धितले यसतर्फ ध्यानदिनु पर्छकि?

लिच्छविकालका थोरै जनसंख्या भएका समयमा पनि लगनखेलमै जात्रा नदेखाई उतिबेलाका पुर्खाहरूले ललितपुरको यहाँ रहेको ठूलो चौर भएकोले सहकालका देवता मानिएका मच्छिन्द्रनाथको महत्व बुझेरै यो ठूलो जावलाखेलको चौरमा जात्रा चलाउँदै आएका होलान् । आज झन् व्यवस्थित र अझ ठूलो हुनु पर्नेमा पुर्खाले खुल्ला राखिदिएका चौरमा पनि नानाथरिका संरचना बनाएर चौर साँगुरिएर सानो चोक जत्रो ठाउँमा जात्रा देखाउन परम्परा अचले थालिएको छ । के यहाँ रहेका खेलकूदस्थानलाई राज्यले वा महानगरपालिकाले अन्यत्र व्यवस्थापन गर्न सकिन्न ? के ललितपुरबासीका लागि खुल्ला स्थान चाँहिदैन ?

नेपालकै सबैभन्दा लामो समय चल्ने जात्रा हो मत्स्यन्द्रनाथको जात्रा । यो जात्रा महिनौ दिनसम्म चल्छ । लगनखेलबाट जावलाखेल आएको चौथो दिनका दिन भोटो देखाइन्छ । जात्रा लामो तर भोटो देखाउने छोटो समयको जात्रा पछि मत्स्यन्द्रनाथको जात्रा पनि सकिन्छ । त्यसैदिन मत्स्येन्द्रनाथलाई खटमा राखि बुंगमती लगिन्छ । त्यसको ६ महिना पछि मात्र फेरि ललितपुर ल्याइने परम्परा आजभन्दा १४/१५ सय वर्षदेखि चल्दै आएको छ । भोटो देखाउने जात्रा भने पछि मात्र थपिएको जात्रा हो । भोटो देखाउने परम्परा चाँहि यसरी सुरू भएको भनिन्छ । उहिले टौदहका नागराजा कर्कोटक नागकी जहान विरामी भै भक्तपुरका एक ज्यापु किसानले निको पारिदिएकाले उनलाई कर्कोटक नाग खुसी भै हिरा मोती मणि आदि टाँसिएको भोटो नागराजाले उपहार दिएछन् । त्यही भोटो किसानले खेतको आलीमा फुकालेर काम गरिरहेको बेला एकजनाले चोरेर लान्छ । चोरका पछि पछि लाग्दा पनि चोर समात्न नसकेका किसान एकपटक मच्छिन्द्रनाथको जात्रा हेर्न पुगेकाबेला कर्कोटक नागले आफूलाई दिएको भोटो कसैले लगाएको देखेपछि उनी त्यसलाई समातेर यो भोटो त मेरो हो भनेर लिन खोन्छन् । तर भोटो लगाउने पनि मेरो भनि झगडा गर्न थाल्छ। उनीहरूको झगडा चर्कदै गएपछि मच्छिन्द्रनाथको जात्रा समापन कार्यक्रममा आएका राजाले प्रमाण माग्दा दुवैले आफ्नो मात्र भनेकाले ल आजबाट यो भोटो मच्छिन्द्रनाथको जिम्मामा रहन्छ । जसले प्रमाण लिएर आउँछ उसैलाई दिनु भनेकाले हरेक वर्ष मच्छिन्द्रनाथको जात्रा समापनकाबेला यो भोटो कसको हो ? भोटो सुरछित छ, भनेर आजसम्म देखाउने चलन चलेको पाइन्छ । त्यस्तै भोटो देखाउने जावलाखेलको (जाह्वला ख्य:)नाम सम्वन्धमा यस्तो किंवदन्ती चलेको छ ।

'मच्छिन्द्रनाथको शुद्ध रूप मत्स्येन्द्रनाथ (माछाबाट उत्पत्ति भएका देवता) हो, तर आजभोलि जनजिभ्रोमा मच्छिन्द्रनाथ नै अधिक उच्चारण हुन्छ' (शताब्दीपुरूष सत्यमोहन जोशी ) । कोरोनाका समयमा रातो मत्स्येन्द्रनाथ ( बुँग द्य:)को जात्रा समयमै चल्न नसक्दा स्थानीय र प्रहरीबीच जात्रा चलाउने बारेमा झडप नै भएको थियो । २०७८ सालमा पनि कोरोनाकै कारण जात्रा धुमधाम त हुन सकेन तर स्वास्थ्य मापदण्डको पालना गर्दै प्रतिकात्मक रूपमा मत्स्येन्द्रनाथको जात्रा सम्पन्न भएको थियो । त्यही जात्रासँग जोडिएको 'जावलाखेल' नाम कसरी रहन गएको रहेछ ? अहिलेको जावलाखेललाई पहिले नेपाल भाषामा 'जाह्वला ख्य:' भनिन्थ्यो । 'जा 'भनेको भात र 'ह्वेलेगु' भनेको छर्नु , 'ख्य' भनेको चौर हो । 'जाह्वला ख्य:' भन्नाले भात छर्ने चौर भन्ने बुझाउँछ । उतिवेला त्यस चौरमा भातचाँहि किन छरिए छ, यसका पछाडि कारण छ, किंवदन्ती छ, मच्छिन्द्रनाथको रथ जावलाखेल पुगेपछि मच्छिन्द्रनाथका पुजारी पानेजुहरूबाट विशेष साधना पछि रथवरपर भात छरिन्छ । भोटो देखाउने जात्राको अघिल्लो दिन 'लग:या' भनी 'भूज्या:' जात्रा मनाइन्छ । 'भू 'को अर्थ थाल अथवा जमिन हो । 'ज्या:' को अर्थ भात । थालभरि अर्थात जमिनमा उब्जनी भएको बस्तु थालभरि राखेर मच्छेन्द्रनाथलाई चढाउने परम्परा रहेकोले यसलाई जाह्वला ख्य:अर्थात भात छरिने चौर भनियो । जाह्वला ख्य:बाट जावलाखेल नाउँ रहन गएको हो ।




अर्को भनाइमा "भ्यागुतालाई 'जा' (भात), उला (छर्ने), ख्यो: (चउर) अर्थात भ्यागुतालाई भात खुवाउने चौर हो पाटनवासीको । जहाँ अन्न अझ धानका देवता मच्छिन्द्रनाथ बसोबास गर्छन । कीराफट्याङ्ग खाइदिने भ्यागुता पूजाको यो चलन ऋग्वैदिक कालदेखिकै हो ।" ( सौरभ) । चौरमा भात छरिने परम्परा आजसम्म छँदैछ । त्यसै कारणले नेवारहरूले यस चौरलाई भात छर्ने चौर अर्थात 'जा ह्वेलगु' भनेका हुन् । त्यही जा ह्वेलगुबाट अपभ्रंश हुँदै पछि यस ठाउँको नाम जावलाखेल रहेको हो ।

ललितपुर पाटनको महत्वपूर्ण तथा नेपालकै सबैभन्दा लामो अवधि चल्ने रातो मत्स्येन्द्रनाथ (बुंगद्य: )को जात्रा नै हो । यो जात्रा बैशाख शुक्ल प्रतिपदामा सुरू भएर प्राय असार शुक्ल चौथीसम्म करिब २ महिना चल्दछ । यसपाला त बैशाख २७ गते रथारोहण सुरू गरी श्रावण शुक्ल औंसी अर्थात श्रावण २० गते समापन भयो । अझ तिथिमिति नजुरेका समयमा त ६ महिनासम्म पनि जात्रा चलिरहन्छ । करिब १४ सय वर्षअघि सुरूभएको मच्छिन्द्रनाथको रथ जात्रा नेवारी परम्परा अनुसार ३२ हात अग्लो रथ वाजागाजा र असंख्य मानिसहरूको उपस्थितिमा ललितपुरका विभिन्न टोल परिक्रमा गरि मनाइन्छ । १२ वर्षसम्म अनिकाल लागेपछि भक्तपुरका तत्कालीन राजा नरेन्द्रदेवले यो जात्रा चलाएको पौराणिक कथा पाइन्छ । करूणामय मत्स्येन्द्रनाथलाई ६ महिना पाटनमा र ६ महिना बुङ्मती राखिने चलन छ । हरेक वर्ष पाटनबाट सुरू हुने मत्स्येन्द्रनाथको जात्रा बुङ्मतीमा पुगेर सकिन्छ । त्यसपछि फेरि बुङ्गमतीबाट पाटन ल्याउने चलन हालसम्म छँदैछ ।

मत्स्येन्द्रनाथलाई किन कसरी नेपाल ल्याइयो त्यो किंवदन्ती धेरैलाई थाहा छ, रमाइलो पनि छ । संक्षिप्तमा भन्दा नेपालमण्डलमा एकपटक गुरू गोरखनाथ भिक्षा माग्दै हिँडेका थिए तर गृहस्थीहरूले एकमुठी अन्न पनि भिक्षा नदिएपछि उनलाई ज्यादै रिस उठेछ । त्यसपछि उनले वृष्टिको मूलधारका रूपमा रहेका नवनागहरूलाई बोलाइ उनीहरूकै नागासान बनाइ त्यसैमाथि आसन कसी बसेपछि नेपालमण्डलभर लामो समय वृष्टि (बर्षा ) नभै ठूलो हाहाकार मच्चियो ।

किन पानी परेन, के गर्दा पर्छ भन्ने विषयमा त्यसबेला राजाले नेपालमण्डलका तान्त्रिकलगायत सबैसँग छलफल गरेछन् । अन्तमा तान्त्रिकहरूले सुझाएछन्, लामोसमय खडेरी पर्नुमा गुरू गोरखनाथले नागहरूलाई जम्मागरी आसन बनाइ बसेकाले यस्तो भएको हो । गोरखनाथलाई खुसीपार्न आसामको कामारूकामक्षबाट उनकै गुरू सहकालका देवता 'मत्स्येन्द्रनाथ'लाई ल्याउन सकियो भने पानी पर्न सक्छ । त्यसपछि भक्तपुरका राजा नरेन्द्रदेव, कान्तिपुरका ख्याति कमाएका तान्त्रिक आचार्य बन्धुदत्त र ललितपुरका ज्यापु किसान रथचक्र ललित तीनजना मिलेर आसामको कामारूकामक्ष गई मच्छिन्द्रनाथलाई तान्त्रिकविधि लगाई नेपाल ल्याइयो ।

उता नागासनमा बसेका गोरखनाथले आफना परम्गुरू नेपाल आएको थाहापाए । गुरूको दर्शनगर्न नागासानबाट उठी भेट्नजाँदा सबै नागहरू त्यहिबेला आ-आफना स्थानतिर लागेछन् । त्यसपछि बर्षा शुरूहुन थाल्यो । बर्षा भएपछि पुन:सहकाल आएछ । त्यसैले मच्छिन्द्रनाथलाई सहकालको देवता मानिन्छ । यस्तैकुरा 'सिल्भाँ लेभी'ले पनि 'नेपाल अधिराज्यको इतिहास'मा लेखेका छन् ।

नेपाल भाषामा मत्स्येन्द्र नाथलाई 'बुँग द्य:' भनिन्छ । मत्स्येन्द्रनाथलाई 'बुँग द्य:' किन भनियो त ? मच्छिन्द्रनाथलाई नेपाल ल्याइसकेपछि कहाँ प्रतिष्ठान गर्ने, लिनजाने तीनैजनाबीच बिवाद सुरू भएछ । सबैले आ आफनै ठाउँमा राख्नेकुरामा जोड गरेछन् । मूर्ति बोकेर ल्याउने ललित ज्यापूले भनेछन्, मैले त्यत्रो दु:ख र श्रद्धाभाव गरेर महिनौं लगाएर बोकेर ल्याएँ त्यसैले मत्स्येन्द्रनाथलाई ललितपुरमा राख्न पाउनु पर्छ । उनको तर्कमा सबै सहमत भै ललितपुरमै प्रतिष्ठापनगर्न दुवैजना राजी भए (संस्कृतिविद् हरिराम जोशी) । मत्स्येन्द्रनाथलाई रथचक्र किसान ललितले बुँगमतीमा स्थापना गरेकाले 'वुग्मलोकेश्वर' यसको नेपाल भाषामा संक्षिप्त 'बुँग द्य:' अर्थात बुँगमतीमा प्रतिष्ठापित भएकाले बुँग द्य: भनियो ।

बुँग द्य: लाई मत्स्येन्द्रनाथ चाँहि किन भनियो त । यसबारेको एउटा धार्मिक किंवदन्ती यस्तो पाइन्छ । पानीमा परेको शिववीर्य मत्स्य (माछा) ले खाँदा मत्स्योदरदेखि मच्छिन्द्रनाथको जन्म भएको कथा छ । 'मच्छिन्द्रनाथ माझी परिवारका सन्तान थिए । आफना कर्म र कामले महापुरूष, महायोगी मच्छिन्द्रनाथ कहलिएका थिए । अति दयालु, सबैको सहयोगी, अरूका दु:ख देख्न नसक्ने करूणामय थिए । पछि आचार्य चर्पटीसित मच्छिन्द्रले दीक्षा पाएर उनी सिद्ध भएका थिए ( राहुल साँकृत्यायन) । त्यसैले माछामारी जीविका गर्ने जातिमा जन्मेर पनि आफना अद्भूत सिद्धकर्मले माथि उठेर, सारा लोकजनको रक्षा गरे, करूणामय, लोकेश्वर, लोकनाथ भएकाले, यिनलाई माछामार्ने माझिबाट जन्मिएकाले मत्स्येन्द्रनाथ भनियो ।

वर्ष र सहकालका देवता भनि प्रख्यात भएकाले यिनीप्रति सबैको आगाध आस्था रहेको कुरा त्यसवखत नेपाल मण्डलका तिनै सहरमा यिनलाई विभिन्न नाममा स्थापना गरिएबाट पनि यिनको महत्व थाहापाइन्छ । ललितपुरमा रातो मच्छिनद्रनाथ, कान्तिपुरमा सेतो मच्छिन्द्रनाथ, भक्तपुरमा बुँग द्य: ( मच्छिन्द्रनाथ) लोकेश्वर, त्यस्तै दोलखामा पनि मच्छिन्द्रनाथ रहेका छन् , त्यहाँ पनि वर्षेनि जात्रा चल्छ । मत्स्यन्द्रनाथको रथयात्रालाई दोलखामा स्थानीय भाषामा 'बंगदेउजात्रा' भनिन्छ । जात्रामा ललितपुरबासीको ठूलो सहभागिता हुन्छ । जात्राअघि एकपटक म दोलखा पुग्दा मच्छिन्द्रनाथलाई त्यहाँको भौगोलिक अवस्था अनुसार अथवा सिंढीमा पनि हिंडाउन मिल्नेगरी रथ बनाइरहेको देखेको थिएँ । 'दोलखामा वि.सं. १५७५ मा तत्कालीन राजा नन्ददेव सिंहले रथयात्रा चलाएका थिए' (लेखक बसन्त महर्जन) ।

हिन्दु धर्मालम्वी मच्छिन्द्रनाथलाई ऐतिहासिक सन्तगुरू करूणामयका रूपमा पुज्दछन् भने बौद्ध धर्मालम्वीले पद्यमपाणि पञ्चबुद्धमध्येका चौथो बुद्धका रूपमा पूजा गर्दछन् । ललितपुरमा हुने मत्सेन्द्रनाथको जात्रा किंवदन्ती अनुसार इश्वी संवत् ५४६ देखि सुरू भएको मानिन्छ । जात्राको समयमा कामारू कामक्षबाट नेपालमण्डल ल्याउन भूमिका खेलेका काठमाडौंको तान्त्रिक वन्धुदत्त आचाजुको स्मरणमा पुल्चोकदेखि गा:वाहालसम्मको रथयात्रालाई पहिलो चरणको यात्रा स्वर्गलोकको भ्रमणतुल्यका रूपमा लिइन्छ । गा:वाहा:ल देखि सुन्धारा सम्मको यात्रालाई राजा नरेन्द्रदेवको सम्झनामा चलाइएकोले यस यात्रालाई मृत्युलोक भ्रमण र सुन्धारादेखि लगनखेलसम्मको यात्रालाई रथचक्र ललित ज्यापूको सम्झनामा चलाइएको भनिन्छ ।

# शान्तिको मूलमन्त्र



**सुरेशकुमार पाण्डे**

माओवादीहरूको सशस्त्र आन्दोलन पछिका दिनहरूमा आध्यात्मिक बिचारको प्रचार व्यापक रूपमा गरिंदै आएको छ । माओबादी आन्दोलनको द्वौरान जुनप्रकारको गलत कृयाकलापहरू भए त्यो देखेर जनताहरू निकास चाहिरहेका छन् ।

देशमा गणतन्त्रको आगमन सँगै धर्म परिवर्तनको चलखेल पनि हुँदै आएको छ ।

देशभित्र निरास जनताहरूको आड भरोसामा कतिपय असमाजिक तत्वहरू समेत छिमेकबाट घुसेर आध्यात्मिक दोसल्ला भित्र भ्रमको खेति गरिरहका छन् । समाजमा जसरी नकारात्मक कृयाकलापले जरा गाडेको छ, आध्यात्मिक ज्ञानले शान्ति स्थापना हुन्छ की भनेर व्यक्ति संघसंस्थाहरू यसको नजिक पुगेका पनि छन् ।

आज समाजमा सबैभन्दा ठुलो समस्या भने नशा नै हो । मदिरा, धुमपान, लागु औषधबाट आहाल भएको अबस्थामा अध्यात्मले ठूलो महत्व राख्दछ ।

यही बिचार भौतिकवादीहरूले लामू समयदेखि भन्दै र सम्झाउँदै आएका छन् ।

आध्यात्मकवादी बिचार भनेको 'भौतिकवादको ठिक उल्टो बिचार हो' भन्ने कुरा हामिले बुझेका छौं । तर अहिले उनि दुबै बिचारकले यो एउटा बिषयलाई जोडदार रूपमा उठाएको देखिन्छ । त्यो हो स्वच्छ र स्वस्थ समाज ।

आध्यत्मिक- शब्द पुरानो फ्रांसिसी स्पिडचुअल (१२शताब्दी)बाट लिएको हो । जो लैटिन स्पिरिचुअलिसबाट लिएको भनिन्छ । जो स्पिरिट वा आत्माबाट आउँछ । परमात्मा र आत्मासँग सम्वन्ध राख्नु, मन सँग सम्वन्ध राख्न सक्ने । आध्यात्मिक भनेको भौतिकबाद भन्दा धेरै टाडा अनुभव गर्न सक्नु हो ।

आर्को शब्दमा सर्व हितका लागि कार्य गर्नु । आध्यात्मिक बिचार हो ।

आखिर भौतिकवाद भनेको केहो ? भौतिकवादी सिद्धान्त बस्तुमूलक छ ।उनिहरू भन्छन् बस्तुबाट बिचार जन्मिन्छ । अथवा बस्तुबाट बस्तुको निर्माण हुन्छ ।

कृषिमा क्रान्ति किसानहरूको हातमा कृषि औजार आएपछि भयो । नयाँ-नयाँ विकासहरू भौतिक विज्ञानले गरेको छ । भौतिक विज्ञानले संसारमा धेरै उथपुथल ल्यायको छ । आखिर भौतिकवाद भनेको द्वन्दवाद हो । अथवाद्वन्दात्मक भौतिकवाद यस दर्शनले इश्वरी य काल्पनिक बिचारधारालाई मान्दैन् । तर अहिलेका आध्यात्मिकवादीहरूले विज्ञानलाई पनि होइन भन्न सक्दैनन् । बरू शान्ति ऊँ को मार्गबाट समाजमा सबै समस्या हल हुन्छ भनेर तर्क गर्दछन् ।

शान्ति भनेको अहिंशा, अहिंशा सबैको चाहना हो । तर अहिंशा किन समाजभित्र लागु हुन सकिराखेको छैन ? समस्या यही हो ।

उही व्यक्ती मधेश जाँदा मधेशी, पहाड जाँदा, पहाडी र हिमालय पुग्दा उस्तै । आफ्नो त कुनै आडान नै छैन । अनि त्यो व्यक्तीसँग समाजले के सिक्ने ? कम्तिमा हामिले बिचार र व्यबहारबाट आफुलाई चिनाऊँ । कुनै नेता मन्दीरमा पुग्छ मन्दीरको गुण गाउँछ, उहि नेता मज्जिदमा जान्छ मुश्लिमको पक्ष लिन्छ यसरी उनिहरू बिचको मतभेदलाई अँझ गहिरो बनाइ दिन्छन् ।

अब हाम्रो समाजलाई नियालौं -आखिर हाम्रो समाजको संमचना कस्तो छ ?

नेपाली समाज भनेको लगभग सिकारीहरूको समाज हो । जसले गर्भै देखि मासु खादै आएका छन् । यो एकप्रकारको हिंसक प्रवृती हो । मासुको पनि जात बनाएका छन्,कसैले बाखो, कसैले कुखुरा, कसैले पाडा, कसैले सुङ्गुर र कसैले गाई आदिको मासु खादै आएका छन् । त्यो पनि आफैमा झनै नकारात्माक कृयाकलाप हो ।

गाई राष्ट्रिय जनावर भनेपछि खुलेआम गाइ काटेर खाएको अपवाद बाहेक देखिदैन । तर राङ्गा र बोकाहरू कुखुराहरू सुङ्गुरहरूको बजारभरी जहाँ कहीं पनि दोकान छ । कुखुराका फारमबाट मानिसले आफ्नो रोजगार चलाएको छ, बोका ,राङ्गा र सुङ्गुर ,बुङ्गुरको पेसाबाट उनिहरूले आफ्नो जीवन चलाएका छन् ।

सबै भन्दा खतरनाक व्यक्तिको लागि, समाजको लागि, देशको लागि, लागु औषध, मदिरा र सुर्ति जन्य बस्तुहरू सँग हाम्रो समाज अझै पनि लड्न सकिरहेको छैन भने मासु माछा त देशभरीको फेशन नै भएको छ ।

समाजमा बहुसङ्ख्यक मानिसले बिभिन्न जातका पसुहरूको मासु रमाएर खान्छन् । आजको वैज्ञानिक युगमा पशुको बलि दिनुहुँदैन यो गलत कृयाकलाप हो भनेर भौतिकवादीहरूले भन्दै आएका छन् । तर धर्मको नाममा बलीप्रथा चलेकै छ ।

यस्तो अबस्थामा शान्ति समाजको स्थापना गर्ने परिकल्पना गर्नु भनेको पनि एउटा क्रान्तिकारी बाटो हो । जो आध्यात्मिक विध्यालयहरूले गर्दै आएका छन् ।

तर के यो आउने पुस्ताहरू भनौं हाम्रा नातिहरूको पालासम्म होला ? अहिले पनि हाम्रा छोरा छोरिहरूले मासु रूचाइरहेकाछन् । अहिंशा कै लागि बन्दुक उठाएकाहरू विगतको इतिहास हाम्रो अगाडी छ । भारतमा अंग्रेजहरूलाई गांधीको लाठिले मात्र खेद्न सकेको होइन । त्यहाँ थुप्रै हतियारबन्द लडाई भएको पढेका छौं । अहिंशाका लागि उनिहरूले हिंशा गरेका थिए ।

हिंसा भयो, इश्वरिय शक्तीले अत्याचारीको नाश गर्न सकेन । मानव समाजले अन्यायको बिरूद्धमा हतियार उठाउने गर्छ, त्यो पाप थिएन, होइन । यो चराचर जगतमा सबैको लागि अहिंशा र शान्ति सुव्यबस्थाको आबश्यकता छ ।

शारीरिक ब्यायम बिहानी पख गरिने हिंडडुल आदीले शरीरलाई स्वस्थ र मानसिक रूपमा पनि सकारात्माक प्रभाव पारेको हुन्छ । गाई भैंशी पाल्न छाड्यौं, भारी बोक्ने काम, रूख चढ्ने काम छाड्यौं । विदेशबाट आएको बिषाक्त अन्न, दही दुध र अन्य खाद्यानले हामीलाई रोगि बनाएको छ । मासु माछालाई सके त नखाने हो तर खाएर हामी रोग निम्त्याइरहेका छौं । पशु पाल्न बिस्तारै छाडिसकेका छौं ।

भौतिक विज्ञानले चमत्कारमा भर पर्दैन बरू कुनै घटना घट्यो भने त्यो कसरी घट्यो भनेर छानविन गर्छ । भौतिकबाद मानवको उज्यालो दर्शन हो ।

समाजले सदियौंदेखि शान्ति चाहेकै छ । त्यसैको लागि प्रमात्मालाई गुहारिरहेको छ । बिडम्वना शान्ति सुव्यबस्थाको अंश पनि हात लागेको छैन् ।

समाज लथालिङ्ग भएको बेलामा शान्ति कसलाई चाहिंदैन ? मठ मन्दीर नेपालभरी छन, बुदिष्टहरू गुम्बाहरू, गिरिजाघरहरू अनि गुरूद्धारा, मज्जिद, चर्चहरू फैलिएका छन् । शान्तिका पाठ पढाउँछन् तर शान्ति कता हो कता ?

अहिले त आध्यात्मिकबादको प्रचार प्रायजसो घरघरमै छन् । त्यसको एउटा कारण शान्तिको चाहना हो । अराजकता सिर्जना गर्न एनजीओ र एनजिओहरूले सकेसम्मको जोड लगाएका छन् । तथापि अध्यात्मतिर जनध्यान छ ।

उनिहरूले भौतिकबादीहरूलाई हिंशक देखाउन खोजिरहका छन् ? कम्युनिष्टको समाप्ती नै शान्तीको जन्म हो त ? यी सबै वाइहात तर्क हुन् ।

अहिले जुनप्रकारले विदेशबाट आध्यात्मिक पाठ पढाउँनेहरूको देशभित्र जसरी जमघट हुँदैआएको छ यसले देशलाई ठुलो भूमरी जाक्ने सम्भावना पनि छ । परम्परा, संस्कृति, भाषा, भान्छा, जाति भेषभुषा आदिमा लगातार प्रहार हुँदै आएको छ । शान्ति आउला न आउला, देश नै सिक्किमिकरण त हुनेहोइन ? प्रश्न उठिसक्यो ।

शान्तिको मूलमन्त्र युवाहरूलाई रोजगार र हिंशात्मक गतिबिधिमा रोक, मदिरा सुर्ति जन्य बस्तुको अन्त हो । बलीप्रथामा रोक्, युवाहरू बाल बालिकाहरूलाई देशभक्ती पाठ्यपुस्तक, राष्ट्रिय पोसाक, अनिवार्य हुनुपर्छ । व्यापारी र दलाली राजनीतिक गतिबिधी बन्द हुनुपर्छ । अनिमात्र अखण्ड देश र शान्ति आउनेछ ।

# Educational Need of Blood Donation and Nepal Voluntary Blood Donor's Society- A Prospective Analysis



**Prof. Dr. Uttam Karmacharya**
Dr. Iwamura Hospital Memorial Hospital and Iwamura College of Health Science

1. Preface

Some weeks back Mr. Dan Das Shrestha, and Mr. Prem Sagar Karmacharya were kind enough to visit me at Dr. Iwamura Memorial Hospital and Iwamura College of Health Science to know each other personally though we know through newspaper and multimedia. I am very much thankful to them. I was very fortunate to meet personally editor of the National weekly Swatranta Sanchargram Mr. Dan Das Shrestha and life time blood donor Mr. Prem Sagar Karmacharya. Mr. Karmacharya was king enough to visit me again and again our college and hospital and discuss about blood donation Campaign in Nepal and role of Nepal voluntary Blood donor's Society of Nepal. It is to be noted that he has played a very important and valuable role for the promotion of the Society and extended Blood donation campaign throughout the country. I wish to extend him my heart-felt and long-left greetings, congratulation and appreciation for his pains taking efforts; balance personality, friendlier- friendship , gentleness and expertise in professional mental make-up to develop a motivational campaign for Blood Donation as a life time Blood donor donating 160 times to date. Congratulation and thank you very much for his initiation and coordination for the collection of Blood to serve the needy people. May God bless him all the time in each and every walk of his life. I am not so related with blood faculty but I know the importance of blood and blood donation. We are very happy to know the news of blood donation camps and blood bank through newspaper and media almost very week . In addition to these information Mr. Karmachary was provided me six very valuable documents published through Nepal Voluntary Blood donor's Society of Nepal with very valuable slogan as "Let us make the Voluntary Blood Donors Chain all over the World ;"Blood connect us all " and " Safe blood for All" Going through the contents of these document I got an opportunity to know more about blood related contents written by the writers of different walks of life and faculties. Now I feel myself enriched about blood Faculty.

2. Blood Donation

Based on the review of Blood Literature -A blood donation occurs when a person voluntarily has blood drawn and used for transfusions and/or made into biopharmaceutical medications by a process called fractionation (separation of whole-blood components). Donation may be of whole blood, or of specific components directly (the latter called apheresis). Blood banks often participate in the collection process as well as the procedures that follow it.

Today in the developed world, most blood donors are unpaid volunteers who donate blood for a community supply. In some countries, established supplies are limited and donors usually give blood when family or friends need a transfusion (directed donation). Many donors donate as an act of charity, but in countries that allow paid donation some donors are paid, and in some cases there are incentives other than money such as paid time off from work. Donors can also have blood drawn for their own future use (autologous donation). Potential donors are evaluated for anything that might make their blood unsafe to use. The screening includes testing for diseases that can be transmitted by a blood transfusion, including HIV and viral hepatitis. The donor must also answer questions about medical history and take a short physical examination to make sure the donation is not hazardous to his or her health. How often a donor can donate varies from days to months based on what component they donate and the laws of the country where the donation takes place. For example, in the United States, donors must wait eight weeks (56 days) between whole blood donations but only seven days between plateletpheresis donations and twice per seven-day period in plasmapheresis.

Blood donations are divided into groups based on who will receive the collected blood. An 'allogeneic' (also called 'homologous') donation is when a donor gives blood for storage at a blood bank for transfusion to an unknown recipient. A 'directed' donation is when a person, often a family member, donates blood for transfusion to a specific individual. Directed donations are relatively rare when an established supply exists. manufacturing.

Blood is sometimes collected using similar methods for therapeutic phlebotomy, similar to the ancient practice of bloodletting, which is used to treat conditions such as hereditary hemochromatosis or polycythemia vera. This blood is sometimes treated as a blood donation, but may be immediately discarded if it cannot be used for transfusion or further manufacturing.

The actual process varies according to the laws of the country, and recommendations to donors vary according to the collecting organization The World Health Organization gives recommendations for blood donation policies but in developing countries many of these are not followed. For example, the recommended testing requires laboratory facilities, trained staff, and specialized reagents, all of which may not be available or too expensive in developing countries.

An event where donors come to donate allogeneic blood is sometimes called a 'blood drive' or a 'blood donor session'. These can occur at a blood bank, but they are often set up at a location in the community such as a shopping center, workplace, school, or house of worship.

3. An urgent need of Blood and blood donation orientation in the colleges and Universities.

Going through all these documents and other information I feel there is an urgent need of Blood and Blood donation orientation in the colleges and Universities to disseminate the importance of Blood and blood donation time to time . The College Students , Secondary students and university students are are the main source of disseminating the importance of Blood and value of Blood donation in the communities and families. For this purpose we can develop different modalities as given bellows:

1. Conduct needs assessment of the community through participatory approach.
2. Identify the target groups/ population specially age group for blood donation
3. Selection of facilitators and appropriate orientation session
4. Conduct orientation and training programs of facilitators and supervisors
5. Organize blood donation program in the school and college for observation and support to make the student field oriented and funtional
6. Perform monitoring activities for selected schools and colleges as a pilot program
7. Develop special brochure about the value of blood and blood donation
8. Develop supplementary materials as hording boards and left lets
9. Prepare and develop program for dissemination of the studies/report
10. Develop matching grant projects with national and international donors for financial support.
11. Develop annual plan to be conducted in different districts based on provincial states in collaboration with Red Cross units of different districts phase wise
12. Organize consultation meeting with local Public Health Office and Blood Bank and Red Cross

This way, the blood donation societies as Nepal Voluntary Blood Donor's Society and other faculties working for Blood donation of Nepal could be a big help to join in hand with the GOs, NGOs and INGOs and for the promotion of Blood donation campaign to enhance information in the School , colleges and Universities communities.

( Prof. Dr. UttamKarmacharya of Tribhuvan University was a former Resource Person for China ( Unesco Nanjing), Denmark, World Education , Banepa Municipality and LRCs of Indonesia, Iran, Myanmar, the Philippines, Sri Lanka, Thailand , Unesco Bangkok).Former Secretary General , National Resources Center for NFE (NRC-NFE) and Director, Center for Education for All (CEFA) Nepal.

Sunday, September 1, 2024

# Smash And Grab

*By Sunanda Datta Ray*

CHAPTER 13 Death Warrant

Central to Kazi's verbal pyrotechnics was the supposition that the bill had been drafted in consultation with the palace and that New Delhi could enact it if it chose. "It is our view that the bill still leaves too much of the feudal system and preserves too much of the powers and privileges of an out of date hierarchy."

Kazi's fulminations may nave been overlooked as political hyperbole, but a duty lay on the presiding officer to disabuse him of the lotion that India had any unilateral rights in respect of legislation.

Clause 8 (iv) of the 8 May agreement permitted the chief executive to report to the PO differences of opinion between him and the Chogyal; the PO would then seek New Delhi's verdict, which would be binding. But this power of arbitration did not extend to differences between the Chogyal and legislators. Nor could India invoke the treaty because that provided for only disputes between
the Chogyal and PO which had to be submitted to the chief justice of India for adjudication. In spite of this clear delineation of powers, Das saw no incongruity in Kazi's request that he report
the Chogyal's dilatoriness to the PO so that "the bill comes into force immediately whether the Chogyal likes it or not". The chief executive made no pretence to objectivity. He did not demur when, supporting the party president, Khatiawara spoke of writings on walls and adjusting to altered circumstances, warning that "this is the last chance for the Chogyal; after this there will be no role to play except to abdicate".

But neither these oratorical flourishes nor the speed at which Das rushed through individual clauses as the bill was introduced, moved, and seconded, could entirely remove the unease that touched those few members who had a smattering of English and some awareness of the direction in which events were heading. Rinzing queried the chief executive's enormous powers; Khatiawara and Subeidi demanded that the home and establishment, and finance departments should be placed in Sikkimese hands; and again protesting that they had been promised a prime minister, Poudyal suggested inclusion of an amending procedure as well as scrutiny of the document by a Sikkimese constitution committee assisted by Indian experts. Several members also questioned the bill's definition of minorities. They noted too that the measure did not include the 20 June amendments which Bhim Bahadur Gurung reiterated; Poudyal, more persistent than the rest, said he ' 'would like to ask again about theamendments proposed by the members last time". Sikkim's simple legislators were dumbfounded by Das's reply:

These amendments were read out. The amendments you would like are in your resolution; copies of this arc with you. These amendments do not yet amend the bill, but your views and wishes are incorporated in a resolution which will form part of the records.

In other words, though the 20 June proceedings had been used to bludgeon the Chogyal, they were not allowed to make any impression on Rajagopaul's draft. Indulged like children, assembly members could only play at lawmaking. Rinzing, Poudyal, Gurung, Khatia- wara, and Subeidi were all snubbed. As gazetted on 6 July, the bill bore no trace of what they had unanimously recommended. The Chogyal was not the only victim of fraud; the assembly too was taken for a ride. Khatiawara succinctly described the legerdemain that had been practised on him and his colleagues:

During the debate of the Sikkim assembly on the Government of Sikkim Bill 1974 some of the members of the assembly had raised questions with regard to the various sections of the bill, particularly with regard to the necessity of inserting a chapter on fundamental rights as embodied in the constitution of India. The chief executive Shri B. S. Das, who was also the speaker, and not
even an elected representative of the people, informed the house that the amendments would not form part of the bill. They would, however, be kept in view as an expression of the people's wishes.

As persons who were comparatively young in age and inexperienced in constitutional processes, we had fully reposed our trust and confidence in the hands of the government, of India.

[But] with the hasty step taken to introduce the Government of Sikkim Act 1974, it led to the total subversion of the people's aspiration for democracy.

It should have been perfectly clear why the chief executive so strictly controlled, channellized, and distorted the proceedings. A full-fledged assembly would sooner or later have cast off the yoke; members had to be severely discouraged from democratic expression while being urged to intensify the confrontation with the durbar. For it was through the legislature that New Delhi was planning to strike at the Chogyal. Therefore, though Das dismissed substantive motions, he treated as sacrosanct Kazi's ultimatum to the Chogyal and request that India "should take necessary steps under the provisions of the 8 May agreement that the bill is enacted immediately". This was the motion that the external affairs ministry for-warded to the Chogyal in Delhi.

To mark its achievement, the administration declared 28 June Janata Raj day. Sikkim Nationalized Transport trucks ferried revellers from the districts to Gangtok: there were fireworks and illuminations; and the Sikkim Congress tricolour, so closely resembling India's flag, was hoisted on public buildings.

But in spite of the pressure and the pontification, India could not legally validate the bill. Mrs. Gandhi was also anxious to ensure some semblance of constitutional propriety. The Chogyal was, therefore, told that she would brook no further obstruction : he would have to sign or face the consequences for him, his family, and his country. Unable to halt the bulldozer, he tried to delay it, writing to Bajpai on 1 July that he would not withhold consent "if after making my views, recommendations and apprehensions known to the house, the assembly still decide to pass the bill" at the emergency session that Das had called for the next day. This was a risk that the PO was not prepared to take. The strings were noticeably tightened, and Kazi jerked convulsively around for 24 hours, turning down an invitation to talk things over at the palace, threatening to depose the Chogyal, and again telegraphing for Mrs Gandhi's-intervention. A round robin letter, signed by 28 legislators, also flatly refused to allow the Chogyal to address the assembly. "If the Chogyal does not assent to the bill tonight, then we depend on the government of India to give effect to it tomorrow.

The 2 July session too fell through. It was to be convened the next day, and Bajpai had 30 Sikkim Congressmen taken to India House for a final briefing on tactics. They were advised to stand firm in their opposition to the Chogyal's presence in the assembly but not to boycott the meeting; instead, they were to refuse even to hear what he had to say. The bill was to be adopted as if the Chogyal had not spoken. contd...









# युवाको क्षमताबृद्धिको काम खोई ?

राज्यले शिक्षा पद्धति र तालीमबाट नेपाली कामदारको प्रतिस्पर्धी क्षमता बढाउने काम गरेको छैन । अनुगमन, निरीक्षण, सुपरिवेक्षण, मूल्याङ्कन, अनुसन्धान आदि पनि गर्दैगरेको छैन । अभिलेख पनि राख्दैन, योजना पनि बनाउँदैन । यसो गर्नं भनेको नेपाली कामदारलाई दुरूत्साहन गरेर भारतीय कामदारको संरक्षण गर्नं हो । भारतको स्लम (गन्दकी) घट्ने र नेपालमा बढ्दै जानुमा मुख्य कारण यही हो । यही कारण बाग्मती सभ्यता र शहरी तथा नदी सभ्यता दिनानुदिन गिर्दै गएको छ ।

यो ऐन आप्रवासबाट राजनीति हत्याउने भारतको लामो रणनीति हो । त्यसैसंग मिलेर मिशनरिहरूले समाजलाई इशाईकरण गर्ने गरेका छन् । धर्म, संस्कार, सभ्यता र राष्ट्रिय पहिचान मेटाउने काममा उद्यत छन् । नेपाल र नेपालीको गौरव विनास गराउने गरेका छन्, जसरी विश्का अरू ठाउमा गरिएका थिए ।

बिशाल जनसंख्या भएको भारतवर्षलाई पनि अग्रेजले ब्यापारगर्ने बहानामा उपनिबेश बनाएका थिए । उत्तर अमेरिका र ओसिनियमा झैं सधैकालागि अधिनस्थ गर्न नसके पनि भाषा, संस्कार र सभ्यताको औपनिवेशीक बर्को ओढाएर सदाकालागि अधिनस्थ गराइदिएका छन् । त्यसको छुतरोग प्रभाव नेपालमा पनि परिरहेको छ । भारतले अग्रेजले प्रयोग गरेका सूत्र नेपालमा लागू गरिरहेको छ । हिन्दी भाषालाई नेपालको राष्ट्रभाषा बनाउन दबाब दिएको छ । गीत-संगीत, साहित्य, चाडबाड, उद्योग–ब्यापार भारतीयकरण भै सकेका छन् । नेपालको अपनत्वको पहिचानका दुइटा खम्बा वैदिक राजसंस्था र हिन्दुराष्ट्रलाई पनि हटाई दिइसकेका छन्[टड] । नेपालको शासन र राजनीति उनीहरूबाट परिचालित छ ।

यो नागरिकता ऐनले सबैभन्दा छिटो तराईलाई विपन्न बनाइरहेको छ । भारतीय आप्रवासीले नागरिकता पाउनासाथ पस्ने थलो तराई नै हुन्छ । सन् २००० को नेपालको जन्मदरभन्दा आज तराईको जन्मदर ५ गुणा बढी बढ्नुले पुष्टि हुन्छ । नेपालले परिवार नियोजनमा गरेको लगानी प्रत्युत्पादक भएको छ । आफ्ना नागरिक बढ्न नदिने र विदेशीलाई ढोका खोलिदिएको छ । यस ऐनबाट नेपालको राजनीतिक हार हुँदै गएको छ । यो आप्रवासीको रफ्तारले तराइवासीको जनजीवन अस्तव्यस्त बन्दै गएको छ । तराइबासीका व्यवसाय र रोजगारहरू आप्रवासीले खोस्दै गएका छन् । उद्योग, व्यापार र कृषि खोसिएका छन् । फलतः रैथाने मधेसीलाई विस्थापित गरेपछि तराइका मानिस पहाडतिर पसेका छन् या विदेशीएका छन् । मधेसमा गरिबी बढ्दो छ । केवल नागरिकताको कारणले मात्रै नेपालमा सिक्किम, फिजी, मौरिसस र जम्बुकाश्मीरका जस्ता समस्या नआउलान् भन्न सकिदैन ।

सुरूमै ५० लाख भारतीयले नेपाली नागरिकता पाएका छन । यस ऐनले प्रतिवर्ष ५-१० लाख थपिएका छन् । केबल विवाहबाट मात्रै बार्षिक ३६,००० थपिएका छन्[ठण] । अनुहार र भाषाले दक्षिणसीमातिर भारतीय र उत्तरमा तिब्बती र नेपाली भनेर छुट्याउन सकिदैन । त्रिवि सिनासको अध्ययनले यी सीमाबाट प्रतिव वर्ष २ लाख बढी विदेशी नेपाल पस्ने गर्छन् । यो नागरिकता ऐनले मुलुकको जनसंख्याको सन्तुलन नै बिग्रिएको छ, भविष्य अन्योलमा छ ।

कामको खोजीमा भारत जाने नेपालीहरू स्वास्नी छोराछोरी मातापिता नेपालमै छाडेर एक्लै जान्छन्, उनीहरू सबै फर्केर आफ्नै घरखेतमा आउँछन् तर नेपाल आउँने भारतीयहरू सुकमबासी हुन्छन् । तिनले परिवारजन र झिटमिटी बोकेर आउँछन्, फर्केर जाँदैनन् । एक ठाउँबाट हटाइहाले पनि अर्को ठाउँमा गएर बस्छन् । माग्न र ठग्न भारतमा भन्दा नेपालमा सजिलो छ । उनीहरू सार्वजनिक ठाउँमा टहरा, पाल टाँगेर बस्छन् । सिंहदरबारको नगिचै वागमती नदीका किनारमा सयौं परिवार बसेको सबैले देखेकै छन् । तिनले ऐलानी, धार्मिकस्थल, सडक तथा निजी जमिन अतिक्रमण गरी बसोबास गर्दै आएका छन् । वन, जल र वातावरण विनास गरेका छन् । शिक्षा स्वास्थ्य जस्ता सेवा अपुग भएकाको, गुणस्तर खस्केको छ । देश तबाह हुदै छ । यो ऐनले योजनाविद, समुन्नत नेपाल बनाउन समर्पितहरू, पौरस्थ्य सभ्यता र संपदाको जोगाउने सतपुरूषहरूको भावनालाई कठोर प्रहार गरेको छ । यसले विकासको गति रोकिदिएको छ । भारतका हुनेखानेले नेपालका पहाडी थलो किन्नेछन् । त्यहाँ हिल रिसोर्ट बनाए पछि नेपालीहरू तिनका घरमा कामगर्ने कामदार मात्र हुनेछन् । तिनीहरू नै नेपालका सांसद हुनेछन्, अनि नेपाल विलय गराउने प्रस्ताव पारित गर्नेछन् । त्यसपछि प्रान्तको सांसद हुनेछन् । त्यसकारण सार्वभौमसत्ता जनतामा नै हुनुपर्दछ । मिशनरीले सामाजमा तनाव फैलाएका छन् । नेपालीनेपाली बीच विद्वैष फैलिएको छ । जनमानसमा पीडाबोध भएको छ । तराइमा शयौं जमातले हतियार उठाएका छन् । भारतकै कारणले तिब्वती शरणार्थी नेपालमा छन् । भारतकै कारण भुटानी शरणार्थी नेपालमा छन् । भारतकै कारण त्यसको भार नेपालको तराईले बोक्नु परेको छ । यस अवस्थाले गर्दा नेपालले धान्नै नसक्नेगरी जनसंख्या बृद्धि हुनेछ । नेपालमा विभिन्न पेशा गरेर बस्नेहरू,


डा. शास्त्रदत्त पन्त

भन्दा अपराधीहरू, तस्कर, ठग, डन र चटकेहरूको बाहुल्यभएपछि नेपाल कस्तो होला ?

नागरिकतामा भारतको नियतमा

नेपालको तराइखण्डमा नागरिकता राजनीतिको विषय बनेको छ । तराईका सिमान्तकृत जातीको उत्थान गर्न नसक्नुमा पनि नागरिकता हो । भारतीय सुकुमवासीको घुसपैठ पनि नागरिकता हो । नेपाली नागरिकले "नेपाली भाषा जान्नु पर्ने" प्रावधान भएकोले दिल्लीले तराईबासीलाई उक्साएर संघात्मकता र हिन्दी नेपालको राष्ट्रियभाषा हुनुपर्ने माग राख्यो । दिल्लीले "भारतीय मूलका तराईबासी उपेक्षित छन्, ४५ लाखले नागरिकता पाएका छैनन्'' भन्यो । भारतका गृहमन्त्रीले भारतीय मूलका एक करोड नेपाली नागरिकको सुरक्षा गर्न भारतले चासो लिनु परेको हो भने ।

तराईको नागरिकताको समस्या जसरी सार्वजनिक गरिएको छ, यथार्थ त्यस्तो होइन । त्यहाँको नागरिकता सम्बन्धी समस्या देशभरको सरदर समस्याभन्दा भिन्न होइन । नेपालको पारिवारिक स्थिति-कार्ड अभिलेख राम्रो राख्न नसक्नुको कारणले त्यसो भएको हो । तराइवादी भनिने दलका प्रायः नेता वा तिनका पिताहरू अङ्गीकृत नागरिक हुनु तराइ राजनीतिले भ्रमको खेती गरेको हो । तराईका धर्तीपुत्रमा यस्तो गलत भावना पाइँदैन ।

## जनता मार्दा हजार बक्सिस

जनता मार्दा सरकारबाट १ हजार रूपियाँ पुरस्कार –

बडाहाकिम धैर्य शमशेरले डडेलधुराका भीमदत्त पन्तलाई गोली हानेर मारेका सिपाहीहरूलाई १ हजार रूपियाँ पुरस्कार दिएका रहेछन् । मार्न गएका २० जना सिपाहीमध्ये पहिलोपल्ट गोली हान्ने लालबहादुर थापालाई ५०० रूपियाँ दिएछन् र




दोस्रोपल्ट गोली हान्ने तप्तबहादुर थापा र अरू १८ जनालाई ५ सय रूपियाँ दामासाहीले बाँडिदिएछन् । हम्जाली मगरको घरनेर गाईको गोठमा भीमदत्त पन्तलाई गोली हानेर मारिएको रहेछ । कसैकसैले चाहिँ उनलाई पक्रेपछि टाउको काटेर मारिएको भन्ने लेखेका छन् । उनी २०१० साल मङ्सिर १६ गते २८ वर्ष पुग्ने रहेछन्, तर साउन १७ गते नै मारिए । कसैकसैले साउन १० गते मारिएको लेखेका छन् । उनलाई पक्रिनेलाई १० हजार रूपियाँ (कसैकसैले ५ हजार रूपियाँ लेखेका छन्) पुरस्कार दिने घोषणा प्रधानसेनापति किरण शमशेरले गरेका रहेछन् । उनलाई सरकारले २०७२ फागुन १९ गते शहीदको मान्यता दिएछ ।- *सौजन्य: हरि मञ्जुश्री*

BIMSTEC
Bay of Bengal Initiative for Multi-Sectoral Technical and Economic Cooperation

## मोदीलाई नेता मान्दा नेपाललाई दुःख

पाकिस्तानलाई एक्ल्याउन र सार्कलाई ध्वस्त पार्न इन्डियाले उभ्याएको बिम्स्टेकमा मोदीकै दादागिरी चल्नेछ, यसमा ओली महोदय मोदीको सहायक मात्र बन्ने हुन् । ओली महोदयलाई सम्झाउन चाहन्छु , बिम्स्टेक त्यतिबेला नेपालका निम्ति फलदायी हुनेछ जति बेला हाल भारतअधीनस्थ नेपालको ञचिकन नेकभ ( सिलगढी क्षेत्र ) नेपालमा एकीकृत भई बङ्गलादेशसँग नेपालको सिमाना जोडिनेछ । यसका निम्ति वृहत्तर सोचाइ चाहिन्छ । के हाम्रा प्रधानमन्त्री ओली भारतीय प्रधानमन्त्री मोदीसँग मेचीदेखि पारि टिस्टासम्मको नेपालको भूभाग फिर्ता माग्ने साहस राख्छन् ? होइन भने कहाँबाट पुग्छ नेपाल बङ्गालको खाडी ? मोदीलाई नेता मानेर नेपालले गरिबीविरूद्धको लडाइँ जित्न सक्तैन किनभने जुनसुकै भारतीय नेतृत्व नेपाललाई कसरी गरिब राखिरहने भन्ने ध्यानमा राखेर काम गर्ने गर्छ । बरू नेपालले भारत नीतिमा आमूल परिवर्तन गरी स्वतन्त्र ढंगले अघि बढ्नु बुद्धिमानी हुनेछ ।

*कोशी हाइड्यामको कुरा फेरि उठेको छ । परराष्ट्रमन्त्री डा.आरजु राणालाई भारतले रेड कार्पेट बिछ्यएर स्वागत गऱ्यो, प्रधानमन्त्री मोदीले नै भेटवार्ता पनि गरे । यो नेपालका लागि सम्मान नभएर भारतले नेपाललाई सीमा मुद्दा नउठाउन र कोशी हाइड्यामका बारेमा नेपालको सहमति लिनका लागि गरेको थियो भन्ने जलविज्ञहरू बताउन थालेका छन् । कोशी हाइड्याम बन्यो भने नेपालका लागि अर्को महाभूकम्प । प्रस्तुत छ, यो विश्लेषण-सं.*

# कोशी हाइड्यामले ल्याउने महामारीको लेखाजोखा



साध्यबहादुर भण्डारी

सप्तकोशी उच्चबाँध निर्माणको मन्त्र जपिरहेको भारतले कोशी ब्यारेजमा कृत्रिम बाढीको अवस्था सिर्जना गरी नेपाल सरकारलाई कोशी समस्याको समाधान बराह क्षेत्रमा उच्चबाँध निर्माण नै हो भन्ने नाकट मंचन गरी प्रधानमन्त्रीको त्यस आसन्न भ्रमणका बेला नेपालको पूर्वी पहाडलाई खर्लप्पै डुबाइ बिहारलाई बचाउने र नदी जडान आयोजनाअन्तर्गत कोशीको पानी दक्षिण भारत पुऱ्याउने खेलभित्रको सप्तकोशी उच्चबाँध निर्माणसम्बन्धी अर्को गम्भीर एवं महाघातक सहमति भएको छ । जनस्तरमा पञ्चेश्वर तथा सप्तकोशी उच्चबाँधको चर्को विरोध भइरहेको भारतीय सहयोगमा निर्माण गर्ने भनिएको नौमुरे जलविद्युत आयोजना यथार्थमा बहुउद्देश्यीय आयोजना हो । तर यसलाई जलविद्युत आयोजनाको नाममा भारतले निर्माण गरिदिने भनेको छ । यहाँ लुकेको भारतीय स्वार्थ हो राप्तीको वर्षाको पानी संचय गरी उत्तरप्रदेशलाई बाढीबाट उन्मुक्ति दिँदै सिँचाइका लागि उक्त पानी हात पार्नु । भारतले २०१२ साल तिरै दाङदेउखुरी डुब्ने गरी ५७ मिटर अग्लो जलकुण्डी आयोजना प्रस्ताव गरेको थियो । जस्को उद्देश्य उत्तर प्रदेशको कैयौं क्षेत्र सिँचाइ गर्नु रहेको थियो । तर त्यतिबेला नेपालमा जनस्तरमै त्यस आयोजनाको चर्को विरोध भएपछि उक्त आयोजना अघि बढेन । अको्तिर पछिल्लोपटक वैदेशिक सहयोग बिना नै नेपाल सरकारले राप्ती नदीमै सिक्टा सिँचाइ आयोजना निर्माणमा साहस देखायो र आयोजना अघि बढायो । भारतको विरोधका कारण विश्व बैंकले सिक्टामा सहयोग गरेन । फलतः नेपाल सरकार आफ्नै लगानीमा सिक्टा अघि बढाउन बाध्य भयो । यसरी नेपालले सिक्टा आयोजना निर्माण पछि राप्तीबाट हिउँदमा भारतमा अभाव हुने पानी आपूर्ति गर्नमात्र नभई ठूलो मात्रामा पानी निशुल्क हत्याउने दाउ अनुरूप नै भारतले प्रधानमन्त्री दाहालको भारत भ्रमणका बेला नौमुरैलाई नै अघि सा¥यो । त्यो पनि जलविद्युत आयोजनाका नाममा । जुन आयोजना १६९ मिटर अग्लो बाँध निर्माण गरी राप्ती नदीमा वर्षायाममा ठूलो मात्रामा पानी संचय गरी अत्यधिक भूभाग सिँचाइ गर्ने लक्ष भारतले राखेको छ । जुन भारतीय अभिष्ट उसको नदी जडान आयोजनासँग गाँसिएको छ । राप्तीबाट भारतलाई पर्याप्त पानी आपूर्ति हुने गरी निर्माण गरिने नौमुरे उच्च बाँधले रूकुम, रोल्पा, गुल्मी, प्युठान, दाङ, अर्घाखाँचीसम्म असर पुऱ्याउने छ । मुख्यतः माडी तथा झिम्रुक नदी थुनिँदा त्यस नदी किनारका टार, फाँट तथा अन्न भण्डारहरू जलासयमा परिणत हुनेछन् । उक्त आयोजनाबाट पश्चिमी कपिलवस्तु र दाङदेउखुरी सिँचित गर्ने योजना र सिक्टा सिकटा सिचाइँ परियोजनाबाट बाँके बर्दियामा सिचाइँ गर्ने योजनामा समेत सदाका लागि अन्त्य हुनेछ । नेपालको पानीमाथिको अग्राधिकार गुम्नेछ । १६९ मिटर अग्लो बाँध नौमुरे आयोजनाले १९,६०० वर्ग हेक्टर जमीन डुबानमा पार्नेछ । त्यसको जलाधारको ७९ गाविसको जमीन विनास गरी बनाइने जलासय सँचित पानीलाई ९३२ किलोमिटर लामो नहर मार्फत भारतले आफनो नदी जडान योजनाको अंग महानदीमा पुऱ्याउने छ ।

नेपालमा हालसम्म संस्थागतरूपमा शारदा ब्यारेज राणाशासनको अवस्थामा भारतमा अंग्रेज साम्राज्यवादको दवदवा चलेको अवस्था सन् १९२० मा भएको थियो । भारत स्वतन्त्र भएपछि र नेपालमा प्रजातन्त्र बहाल भएपछि कोशी, गण्डक, टनकपुर र महाकाली सन्धिसम्झौताहरू भए । नेपालमा गणतन्त्र स्थापना भएपछि मेगाप्रोजेक्ट भनी भारतले नेपालमा जलाशय निर्माण गरी भारतको थप जमिन सिँचाइ गर्ने, बाढी नियन्त्रण गर्ने, बिजुली पैदा गर्ने, खानेपानीको प्रबन्ध गर्ने, कलकाखाना सडक सफागर्ने पानीको व्यवस्था गरी मरूभुमीकरण भइरहेको सुख्खा जमीनमा जल भर्ने आदि उद्देश्यको नदी जडान योजना साकार पार्ने कार्य सम्पन्न गर्न सहमति जनाएको छ । अगल अलग राजनैतिक पृष्ठभूमि भएका यी सन्धिसम्झौताको गम्भीर समीक्षा गर्नुपर्दछ । हामी के देख्दछौं भने विगतमा भएका असमान सन्धिसम्झौताहरू खारेज गर्नैपर्ने जनआवाजलाई कुल्चेर पछिपछि त्यसभन्दा पनि अरू घातक र असमान राष्ट्रघाती सन्धिसम्झौता भइरहेका छन् । हालको मेघा प्रोजेक्टको आवरणमा सप्तकोशी, कर्णाली-चिसापानी, पञ्चेश्वर-पूर्णागिरी, पश्चिम सेती, बुढीगण्डकी, माथिल्लोमस्र्याग्दी, नौमुरेजस्ता उच्चबाँधहरू निर्माण गर्ने योजना त्यसैको कडी हो । शारदा ब्यारेज निर्माण गर्नुमा अंग्रेज सरकारको राजश्व संकलन बढाउने, प्रशासनमा नियन्त्रण र सुख्खाबाट राहत लिने मुख्य उद्देश्य थियो । अबको मूल उद्देश्य बाढी न्यूनीकरण, सिँचाइ, बिजुली, खानेपानी र अन्य प्रयोजनमा परिलक्षित छ । भारत सरकारका तर्फबाट सन् १९४७ को प्रजातन्त्र हासिल भएपछि लगत्तै सन् ५० को प्रारम्भदेखि नै नेपालको जलस्रोतमा आँखा गाड्दै आयो । सन् १९८० को प्रारम्भ मै नेपालमा ७ वटा जलाशयुक्त बाँधको खाका तयार पाऱ्यो । (हेर्नुहोस् दुई छिमेकीको जलयात्रा - ३२ अजय दिक्षित) नेपालको ६ लाख जनसंख्या विस्थापित गरी बनाउने २९ वटा जलाशययुक्त उच्च बाँध प्रणालीको योजना लागु गर्ने नीतिगत निर्णयको अंग नै अहिलको मेघा प्रोजेक्टरको उद्देश्य हो । हेर्नुहोस् दुई छिमेकीको जलयात्रा-१२१, अजय दीक्षित । जलासययुक्त उच्च बाँध पञ्चेश्वर, कर्णाली चिसापानी, पश्चिमसेती, बुढी गण्डकी र कोसीमा बन्ने बाँधले नेपालको एक्काइस जिल्लाका ४१२ गाउँ पुरै १३८ आंसिक र २८१ केही डुब्नेछन् । ६४,८०० हेक्टरको जलासय बन्ने छ । र ३० देखी ४० हजार मे/टन अन्न उब्जनीमा कमी आउनेछ । (मूल्याङ्कन-०६२ चैत्र अजय दिक्षित)

भुटानी मोडेल : भारतले भुटानबाट बिजुली लानको लागि ६० प्रतिशत अनुदान र ४० प्रतिशत सहुलियत ऋृणमा चुखा ३३६ मेगावाट बिजुली आयोजना विकास गऱ्यो । १९८६ बाट त्यसबाट रोयल्टी तिरेर बिजुली भारतमा निर्यात गरियो । १९९७ भुटानी राजा भारतको निजी भ्रमणमा गएका बेला बिजुलीको रोयल्टी ५० पैसा प्रतियुनिटबाट बढाएर १ रूपियाँ पुऱ्याउनुमा उपहार स्वरूप दिएको हो । रोयल्टी र स्रोतको मूल्य होइन । ६० हजार वर्ग किलोमिटर र ६ लाख जनसंख्या भएको भारत संरक्षीत भुटान मोडेलको कुरा गर्नु राष्ट्रघाती हुन्छ । भारतीय नीति निर्माताहरू र- जयराम - रामेश - वर्तमान ऊर्जाराज्यमन्त्री (२०२५ सम्म नेपाललाई बिजुली ३००० मेगावाट भनेको छन् ।) यसरी भुटानको राजालाई थोरै विद्युतमा उपहार प्रदान गरेर २०२० सम्म १०००० मेगावाट विद्युत प्राप्त गर्न आफ्नो संरक्षित मुलुक भुटानलाई दवाव दिँदै आएको छ । (हेर्नुस् २३ सेप्टेम्बर २००८ को प्रेस वक्तव्य उही जयराम रामेश) । भूटानको फुन्चोलिङ्गमा भारतको सैनिक ट्रनिङ्ग क्याम्प छ । उग्रवादी तहलाउन भनी २०६० सालमा गएको भारतीय सेना भूटानमा डेरा जमाएर बसेको छ । चूखा र ताला विद्युत गृहमा *आवश्यक सुरक्षा समेत भारतीय सेनाल दिइरहेको* छ । क्रमस..

## मधेशी दलविरूद्ध भण्डाफोर गर्ने चेतावनी




काठमाडौं । मधेश जनजागरण अभियानले मधेशको मुद्दाप्रति मधेशी दलहरू असंवेदनशील र गैरजिम्मेवार भएको आरोप लगाउँदै मधेशी दलहरूविरूद्ध भण्डाफोर गर्ने चेतावनी दिएको छ । अभियानले मधेशको मुद्दाप्रति गम्भीर हुन भनेको छ ।

मधेश मिडिया हाउसमा 'मधेशको मुद्दाप्रतिम मधेशी दलहरूको उदासीनता किन ?' विषयक पत्रकार सम्मेलन गरी मधेशी दलहरूलाई खबरदारी गरेको हो । अभियानले विज्ञप्तिमा भनेको छ, 'नेपाल सरकार र मधेशी पार्टीहरूबीच विगतमा भएका सम्झौताहरूको कार्यान्वयनमा देखिएको ढिलाइप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । सम्झौता कार्यान्वयनको प्रक्रियामा देखिएको यस प्रकारको असंवेदनशीलता र गैरजिम्मेवारीले देशको संघीय लोकतान्त्रिक प्रणालीप्रति मधेशी जनताको विश्वासमा गम्भीर असर परेको छ ।' पत्रकार सम्मेलनमा अभियानका संयोजक रंजीत कुमार झाले अभियानको तर्फबाट यस विषयमा गम्भीर चिन्ता व्यक्त गर्दै मधेशी दलहरूलाई सम्झौताका सबै बुँदाहरूलाई तत्काल कार्यान्वयनमा ल्याउन जोडदार माग गरेका छन् । उनले सम्झौताका बुँदाहरूमा स्पष्टरूपमा उल्लेख भएका संघीयता, समानुपातिक प्रतिनिधित्व, समावेशीकरण र मधेशी जनताका अधिकारहरूको पूर्ण सुनिश्चितताका लागि मधेशी दलहरूले तुरून्तै आवश्यक कदम चाल्नुपर्ने आग्रह गरेका छन् ।

उनले मधेशीहरू मुद्दाबाट विचलित भएको आरोप लगाए । 'मधेशी दलहरू ठूलाका पुच्छर भए, सीके राउतले स्वतन्त्र मधेशको कुरा गरेका थिए, कहाँ गयो स्वतन्त्र मधेश ?' उनले आक्रोश पोख्दै भने, 'जसपा माओवादीको पुच्छर, लोसपा कांग्रेसको पुच्छर र जनमत पार्टी एमालेको पुच्छर भएका छन् ।'

अभियानका बक्ताहरूले आक्रोशपूर्ण तरिकाले मधेशी दलले मधेशी जनताका लागि नभई आफ्नो परिवार र विदेशीका लागि काम गर्दै आएको आरोप लगाए । उनले मधेशी दलहरूले २२ जिल्लाको मधेशलाई आठ जिल्लामा सीमित गरेको आरोप लगाउँदै भने, 'मधेशी दलहरूले मधेशी जनतासँग माफी माग्नुस्, तफाइँहरू आफ्नो व्यवहारमा सुधार ल्याउनुस्, नभए यसको परिणाम भयावह हुनेछ ।' केही दलाल मधेशी नेताहरूका कारण मधेशको स्वाभिमान खसेको भन्दै अब मधेशी दलहरूकै विरूद्ध आन्दोलन गर्नुपर्ने अवस्था आउन लागेको जिकिर गरेका छन् ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४०   भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८१ भदौ १८, Sep. 3, 2024








# परिणाम देखिनुपर्‍यो

चल्तीका अभियन्ता दुर्गा प्रसाई, ध्रुवलाल श्रेष्ठ, केशर विष्ट, गोविन्द बोहरा ब्रम्हाण्ड हुन् । दुर्गा प्रसाई मंसिर ७ गतेबाट निर्णायक आन्दोलन भनिरहेका छन् भने ध्रुवलाल श्रेष्ठले हालै राष्ट्रपति विरूद्ध जाहेरी दिन खोजेका थिए । उनको तर्क छ नागरिकता विधेयकमा पूर्वराष्ट्रपतिको नाममा टिपेक्स लगाएर आफ्नो नाम कायम गरेर कीर्ते गरेका छन् । उनको जाहेरी इन्कार गरियो । अब उनी के गर्छन् ? हेर्न बाँकी छ । अर्का अभियन्ता ब्रम्हाण्ड केही न केही गरिरहन्छन् । उनका आह्वानपत्र पनि प्रकाशित भइरहन्छन् । खाँटी राजावादी केशरबहादुर बिष्ट आजकल सेलाएका छन् । नेपाली कांग्रेस वीपीसँग सहकार्य गरेपछि उनी सेलाएका हुन् । युवराज सफल आफैमा एक्ला अभियन्ता हुन् । उनले परराष्ट्रमन्त्री डा.आरजु राणालाई मुद्दा ठोक्न भ्याएका छन् । केही समय अघि ज्ञानेन्द्र आरणभन्ने माओवादी पीडित सकृय थिए । अहिले उनी पनि चिस्सिएका छन् । बरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपाने, उनी पनि व्यवसायमा भुलेका छन् । स्वचालित कम, परिचालित धेरै छन् राजनीतिक बजारमा ।

यस्ता अभियन्ता, अधिवक्ताले माखो मार्न नसके पनि जनतालाई सुसूचित चाहिं गराइरहेका छन् । भर्खरै भ्रष्टाचारमा ५ वर्षे हदम्याद राख्नबाट सरकारलाई पछि हट्न बाध्य पार्न जनताको आक्रोश र यस्तै अभियन्ताको प्रयास हो । अभियन्ता र सामाजिक सञ्जालका कारणले पन भ्रष्ट र राष्ट्रघातीहरू तर्सिन लागेका छन् । यद्यपि युवाहरूले सडकमा आक्रोस पोखिरहेका छन्, नाङ्गो जुलुससमेत निकालेका छन् । पक्राउ परेका ३ जन युवालाई पनि धरौटीमा छाडिएको छ । यदि हुँदाहुँदै पनि अभियन्ताहरू आआफ्नै स्वार्थ र पर्दा पछाडिका खेलाडीबाट प्रभावित हुनेगरेका आरोप पनि छ । यी अभियन्ताहरूले बेला बेलामा दिएका आश्वासन सम्झिए यथार्थ स्पष्ट हुनेछ । दुर्गा प्रसाई मंसिर ७ गते आन्दोलन, ८ गते राजसंस्थाको पुर्नस्थापना, हिन्दुराष्ट्रको पुर्नस्थापना, संविधानको खारेजी हुन्छ भन्दै कुर्लन्थे लामो समय हराए । यसैगरी अभियन्ताबाट आमनेपालीले धोखा पाउँदै आएका छन् । जनतामा विश्वासको संकट देखा परेको छ । अब उनले नयाँ मंसिर ७ गते निर्णायक आन्दोलन भनिरहेका छन् । केशर विष्टले पनि एकदिने जुलुस निकाले, निरन्तर हुन्छ भने, बरफ बनेर बसेका छन् । वीर गोर्खाली, शिवसेना आदि अनेक संस्थाहरूले परिवर्तनकारी भनिएको आन्दोलन के भयो ? यही प्रवृत्तिले हो, जति पनि जनताको आक्रोस सडकमा उर्लिन्छ, ती सेलाउँछन् । यद्यपि दुर्गा प्रसाईले शासक र नेताका मुटुमा ढ्याङ्ग्रो चाहिं ठोकेको छ है । यी सबै कृया प्रतिकृया, ससाना आन्दोलन भए पनि जबसम्म योजनावद्ध तरिकाले कार्यहरू अघि बढ्दैनन् परिणाम दिने विश्वास गर्न सकिदैन । केही सहयोग देखिए पनि आमनेपालीको साथ र सहयोग रहँदैन । यसो नभएसम्म परिणाम पनि निस्कनेवाला छैन ।

परिणाम आउनुपर्‍यो, हल्ला गरेर केही हुन्न । आन्दोलन गर्ने, परिवर्तन दिने तर कस्तो तर्क आउँछ भने गर्मी, वर्षात, चिसो, दशैं, तिहार, छठ सबै छलेर एउटा साइत निकालिन्छ अनि त्यो साइतमा एकदिने भेला गराइन्छ । त्यसपछि फेरि सामसुम, चकमन्न समाज । यो त आन्दोलनकारीहरूले भ्रष्ट, कुनियतवालालाई नै सघाएको भएन र ? जनताको साथ र जनअपेक्षा पूरा गर्ने भए परिणाम निकाल्नुपर्छ । त्यो राप्रपा भनाउँदो पार्टीले गत वर्ष गरेको एकदिने आन्दोलन नामको भेलामा पश्चिमतिरका एक कार्यकर्ता पनि गुमायो । तैपनि राप्रपाले अर्कोदिन आन्दोलनलाई उठाउन, जनता जगाउन, न्यायका लागि आवाज उठाउन चाहेन, खोजेन । यस्तो अवस्था देखेपछि यिनको पछाडि जनता किन लाग्ने ? यसकारण यस्ता आन्दोलन, मुद्दाहरूबाट अलि अलि आश मात्र गरौं, भरचाहिं नपरौं भन्छन् आमनागरिक नै ।

घरघरबाट अन्याय र राष्ट्रघातका विरूद्ध, सुशासनका पक्षमा जनता निस्कदैनन्, तबसम्म सडकमा आन्दोलनको जीवन देखिन्न । भ्रष्टहरूबा विरूद्धमा बिगुल फुक्नसक्ने विश्वास जनतामा जगाउन सक्नुपर्छ । त्यो नआउन्जेल यस्ता नौटङ्कीहरूबाट मनोरञ्जन त होला, परिणामचाहिं केही निस्कनेवाला छैन । उल्टै भ्रष्ट, राष्ट्रघाती, जनमतघाती, समाजविरोधी तत्वहरूले ठहाका लगाएर हाँस्ने मौकामात्र पाउनेछन् ।

# को छैन पीडित, के बोलौं ?



देवी काफ्ले

सुकुमवासकि समस्याका कुरा, श्रमिकका कुरा, युवाका कुरामात्र होइनन्, नारीको हक अधिकारका भाषण सुनेर कान पनि टट्टाउन थालिसके ।

अधिकार सबैलाई चाहिएको छ, न्याय सबैको खाँचो हो, समानता समयको माग हो । तर निषेध र विभेदको राजनीतिका कारणले शान्ति हुनसकेन, लोकतन्त्र जीवनपद्धति बनेन ।

लोकतन्त्र कार्यान्वयन गर्छु भन्ने हरेक नेता राज्य भ्रष्टाचारमा जोडिएको छ । यिनैले टनका टन सुन भित्र्याए, यिनैले काण्डमाथि काण्ड गराए, हरेक काण्डमा कमिशनले ढाडिने यिनै हुन् ।

समस्या सडकमा छ, समस्या संसदमा छ, समस्या सरकारमा छ, सबैभन्दा ठूलो समस्या नीतिमा छ र नैतिकहीनताको छ । तथापि नेतृत्वतह नैतिक हुन्छु भन्दैन, अचम्म छ ।

यतिबेला नेपाली नारीलाई तीज लागेको छ । तीज यति भड्किलो भइसक्यो कि पुरानो पुस्ता यस्तो पनि तीज हुन्छ भन्न थालेका छन् भने नयाँ पुस्ता रङ्गरलियामा रमाइरहेछन् ।

तीज तडकभडक हुँदै होइन, तीज संस्कार र संस्कृति हो । जसरी वैदेशिक रोजगारीका कारणले नारीहरू छाडा भएका घटना बढे, तीजका नाममा नारीहरूको रहनसहन, लवाइखवाइदेखि तीजलाई बिकृत बनाउनेसम्म देखिन थाल्यो । तीज अनुशासनहीन र संस्कृतिविहीन हुनथाल्यो ।

आजकलका नारीहरू महिला हिंसाका कुरा गर्छन्, पुरूष हिंसा गर्न पछि पर्दैनन्, हिंसा दुबैतिर छ । हो, समाजमा नारीमाथि निच शब्दले गाली गरिन्छ, बोक्सी भनेर मलमुत्र खुवाइने, दाइजोको निहुमा जलाइने, बलात्कार गरि मारिनेहरू छन् । राज्य बलात्कारी र हत्याराको खोजी गर्न सक्दैन ।

वैदेशिक रोजगारीका कारणले घर, समाज बिथोलिएका कथा छन् । नारी बरालिएका व्यथा पनि छन् । आन्दोलनमा हरेक पल्ट उठाइएका नारी हकहितका नारा नारामा मात्र सिमित छन् । संविधानलाई बिकृत पारिएको छ, संसदमा संविधानको छाला काढिएको छ, सरकारमा पनि विधिविधान मिचिएको छ । अनि कसरी समाज सुधार हुन्छ ? समाज परिवर्तन हुन्छ ? समाज सुधार भएको छैन, समाजमा लोकतन्त्र पुगेकै छैन । समाजमा हिंसा बढेकै छ ।



घटनाक्रम हेर्दा देखिन्छ, जब आन्दोलन हुन्छ तब नाराजुलुसमा निस्कने पुरूषहरू पनि महिलावादी बनिदिन्छन् अनि सत्ताको खेल शुरू हुन्छ ती आन्दोलनमा अगुवाई गरेका महिला पनि पुच्छरमा पुग्छन् । कोहि आफ्नो क्षमता र कोहि निगाहको भरमा नेतृत्वमा पुगिहाले भने उनिहरूबाट भएका कमिकमजोरीहरू कोट्याई कोट्याई समाजमा पाच्य नै नहुने अपचलनका शब्दबाण प्रहार हुन्छ । बिडम्वना यहाँ पुरूष मात्रै महिला बिरोधी हैनन् महिला नै पुरूषवादी ब्यवहार देखाउने पनि छन् । खासगरी ठूला पार्टी र नेताले छोरी, स्वास्नी, बुहारीको पक्ष लिंदा महिलामाथि हिंसा बढेको देखिन्छ भने न्यायालयदेखि सरकारसम्म, संसददेखि प्रशासनसम्म भ्रष्टाचारमात्र गनाउँछ । जब नीति, नैतिकतामा बस्नुपर्नेहरू, जिम्मेवार र जवाफदेही हुनुपर्नेहरू यसरी छाडा हुन्छन्, देशघात गर्छन् भने तिनको शासनमा महिला, कमजोरबर्ग जो पनि अन्यायमा पर्नु स्वभाविक हो । एकप्रकारले नेपालमा मत्स्यन्याय छ भन्दा फरक पर्दैन । हक सबै बर्गलाई चाहिन्छ । महिला अर्थात आधा आकाशलाई त हक चाहिन्छ, चाहिन्छ । सिमान्तकृतका अधिकार खोस्ने सम्भ्रान्त महिला नै हुन् । यसका अनेक उदाहरण संसदमा पनि देखिन्छ ।

आज आफ्नो स्वार्थ सिद्धिका लागि एक महिला अर्की महिलालाई चरित्रहिन बनाउन उद्धत छिन्, उनका खुट्टा तान्न अग्रसर छिन । यस्तो परिस्थितिमा अन्यायमा परेका अनगिन्ति महिलालाई कसले सम्झने ? कतै चिन्तन छैन, लोकतन्त्रमा महिला हिंसा कसरी रोक्ने ?

न्यायका कुरा धेरै पर छन् । हामी यति नालायक भैसक्यौं कि दलिय राजनितिले पिसेर चटनी बनाईसक्यो हामीलाई । हामी त अब कुन महिला नेतृ कहाँ कसलाई के भन्छिन् ? कुन नेतृले कसको गालामा म्वाई खान्छिन् ? कुन नेतृले कसको हात समाउँछिन् ? कुन नेतृले कति हजारका ब्याग भिर्छिन् ? कुन नेतृले आफ्नो ब्याग बोक्न खेतालो राख्छिन् ? कुन नेतृ कुन दलमा जान्छिन् आउंछिन यस्तै आलुपाँडे चियो चर्चोमा ब्यस्त छौं । सबै जानकारी लिए पछि बजारमा सकेसम्म उनिहरूको चरित्रको धज्जी उडाउने काम गर्छौं । यस्तो काममा लागेकाले कसरी समाजमा न्याय खोज्छन्, व्यवहार देखाउँछन् ? समानतापूर्ण समाजको सिर्जना गर्छन् ।

हामी विवेक गुमाएर जिउँदा मुर्दा भइसक्यौं । राजनीति माफियाकरण भएकैले घूसखोरी बढेको हो, महिला पनि पात्तिन पुगेका हुन् । शंका छ र ?

हिंसा, न्यायका कुरा आजकल डलरमा देखिन्छ । राजनीति, संसद र अदालतमा डलर चल्छ । मानवाधिकार भनेको पनि डलर हो । अब त न्याय खोज्ने भनेको उच्च पदस्थका लागि हो, जनताका लागि होइन । सर्वत्र पीडित देखिन्छन्, के बोलौं ?

अवस्था बोल बोल मछली मुखभरि पानीजस्तो छ । जो अगुवा उही बाटो... भएका छन् । यो व्यवस्थाले अवस्था नसुध्रिने भयो । संस्कृति, संस्कार पनि समाप्त पार्ने भयो । संस्कृति सकिनु राष्ट्र सकिन हो ।





## सुशासन प्रवर्द्धन गरौं

- कानून पालना गर्ने संस्कार र संस्कृतको विकास गरौं,
- भ्रष्टाचार, अनियमितता विरूद्ध शून्य सहनशील बनौं,
- सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
- राज्य र समाजप्रतिको जिम्मेवारी तथा कर्तव्यबोध गरौं,
- रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
- विकास निर्माणका कार्यमा सहभागिता जनाऔं,
- अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,
- सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

